जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com




वर्ष २७ •अंक ३१६ • २०८३ साल बैशाख २ गते बुधबार (15 April, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## बिहारमा भाजपाको पहिलो मुख्यमन्त्री सम्राट

**एजेन्सीहरु**

पटना (बिहार)। भारतको बिहार राज्यमा पहिलो पटक भारतीय जनता पार्टी (भाजपा)ले सरकारको नेतृत वगर्ने अवसर पाएको छ।

जनता दल युनाइटेड(जदयु) का अध्यक्ष समेत रहेका नितिश कुमारले मंगलबार मुख्यमन्त्री पदबाट राजीनामा दिएसँगै भाजपाले सरकारको नेतृत्व गर्ने औपचारिकता निर्वाह गर्दै सम्राट चौधरीलाई मुख्यमन्त्री चयन गरेको छ।

सम्राट चौधरीलाई बिहारको मुख्यमन्त्रीमा राज्यपाल शैइयद आ(गभर्नर) ले साँझ नियुक्त गरेका छन् ।उनी बुधवार सपथ लिने बताइएको छ।

जातिय समीकरण अनुसार चुनावको परिणाम आउने बिहारमा बिजेपीले सम्राट चौधरी (कोइरी) लाई मुख्यमन्त्री बनाएको छ। नितिश कुमार पनि सोही जातिबाट थिए। उत्तर बिहारमा कोइरी जातिको बाहुल्यता रहेको छ। नितिशले मुसलमानको मत पनि पाउने गरेका थिए।

सम्राट १० वर्ष बढी राष्ट्रिय जनता पार्टी(राजपा) मा राजनीति गरे। राबडी देवी नेतृत्वको सरकारमा उनी पहिलो पटक मन्त्री बनेका थिए।

बिहारमा पहिलो पटक सन् २००० मा उनी ७ दिनको मुख्यमन्त्री बनेका थिए। त्यसपछि सन् २००५ देखि २०१४ सम्म ८ वर्ष १ सय ७७ दिन मुख्यमन्त्री रहेका थिए।

उनको नेतृत्वमाथि प्रश्न उठ्न थालेपछि उनले उदारता देखाउँदै आफ्नै दलका वरिष्ठ नेता जितनराम माझी २०१४ देखि २०१५ सम्म २ सय ७८ दिन मुख्यमन्त्री बनाएका थिए। तर नितिश कुमारले नै उनलाई पदच्यूत गरेर पुनः मुख्यमन्त्री बनेका थिए। त्यसपछि उनी लगातार ११ वर्ष ५१ दिन मुख्यमन्त्री रहेर मंगलबार पदबाट राजीनामा दिए।

नितिश कुमारलाई भाजपाले राज्य सभाको सदस्यमा समर्थन गरेर मुख्यमन्त्री हात पारेको छ। बिहारमा भाजपाको सरकार बनेसँगै नितिश नेतृत्वको जेडीयू समाप्त हुने राजनीतिक अड्कल शुरु भएको छ। विस्तारवादी पार्टीको रुपमा परिचित भाजपाले अगामी दिनमा आफ्नो एकल सरकार बनाउने तयारी थालिसकेको विश्लेषकहरुले बताउन थालेका छन्।

भाजपाले जदयूलाई निलेको बताउँदै वरिष्ठ पत्रकार सुमित अवस्थीले यसका लागि नितिशलाई ठाउँमा पुऱ्याई सकेको बताए।

सञ्चार माध्यमहरुका अनुसार जेडीयूबाट दुई जना उपमुख्यमन्त्री नियुक्त हुने भएका छन्। उपमुख्यमन्त्रीमा विजयेन्द्र यादव र विजय चौधरीको नाम अग्रस्थानमा छ।

# मधेश प्रदेश सरकारमाथि संकट

## सरकार फेर्ने गृहकार्यमा जनमत, योजना कार्यान्वयनमा कमिसन बाधक

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारमाथि संकट देखिएको छ। नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादवको नेतृत्वमा रहेको चार दलको सरकार उपर कमिसनमा डुबेको आरोप छ।

सत्ता साझेदार जनमत पार्टीले सरकारले योजना कार्यान्वयन गर्न असफल रहेको, नयाँ बजेट बनाउन थालनी नगरेको, कैबिनेटको बैठक नियमित नभएको लगायतका आरोपहरु लगाएको छ।

जनमत पार्टीको सोमबार सम्पन्न सचिवालय बैठकमा मधेश प्रदेश सरकारको समीक्षा भएको जनमत पार्टीका महासचिव, पूर्वमन्त्री र जनमत पार्टीका प्रमुख सचेतक चन्दन सिंहले जनाएका छन्।

मधेश प्रदेश सरकार सहमति अनुसार कार्य गर्न नसकेको, योजनाहरुको कार्यान्वयनमा कमिसन बाधक बनेको, कयौं योजनाको हाल सम्म टेण्डर समेत नभएको, अगामी आर्थिक वर्षको बजेट बनाउने कार्य समेत प्रारम्भ नभएकोप्रति बैठकमा चिन्ता व्यक्त गरिएको सिंहले बताए।

'प्रदेश सरकार पूर्ण रुपमा असफल भएको छ' उनले भने, सरकार तत्कालै नसच्चिए समर्थन फिर्ता लिनेछ। मधेश प्रदेश सरकार पद्धतिमा नचलेको आरोप लगाउँदै उनले भने, जिल्लाहरुमा फरक फरक ढंगले सरकार काम गरिरहेको छ।




महोत्तरी जिल्लामा पूर्वाधार विकास कार्यालयका प्रमुखले उपभोक्ता समिति गठनका लागि वेबसाइटमा योजना सार्वजनिक गरी सम्बन्धित वडा कार्यालयहरुलाई सोझै पत्र पठाएर योजनाको उपभोक्ता समिति गठन गर्न माग गरेपछि महोत्तरीका सांसदहरु असन्तुष्ट देखिएका छन्।

सरकारले केही हप्ता पूर्वसम्म उपभोक्ता समिति मार्फत काम नगराउने बताइरहेको थियो। तर प्रतिनिधि सभाको चुनाव सम्पन्न भएसँगै उपभोक्ता समिति गठन गर्न सांसद मार्फत पत्र वितरण हुन थाल्यो। सरकारले निर्वाचित सांसदहरुको सिफारिसमा छुट्टयाएको ५ करोड र समानुपातिक सांसदको सिफारिसमा छुट्टयाएको डेढ करोड मध्येको योजनालाई उपभोक्ता समिति मार्फत गर्न सबै कार्यालय प्रमुखहरुलाई निर्देशन दिएको हो।

महोत्तरी जिल्लामा कयौं योजनाहरुको उपभोक्ता समिति गठन भइ काम समेत भइसकेको छ। केही प्रगतिको क्रममा छ। त्यसका लागि सम्बन्धित सांसद र मन्त्रीले अग्रिम कमिसन उठाइसकेका छन्। कार्यालयले त्यसलाई अमान्य गरी नयाँ उपभोक्ता समिति गठन गर्न पत्राचार गरेपछि केही मन्त्री र सांसदहरुलाई करोडमा कमिसन फिर्ता गर्नुपर्ने स्थिति आएको एकजना सांसदले बताए।

जनमत पार्टीका अध्यक्ष सीके राउतको अध्यक्षतामा बसेको सचिवालय बैठकले सरकारलाई तत्काल कार्यशैलीमा सुधार गर्न सुझाव दिएको छ। अर्थ र खेलकुद तथा समाजकल्याण मन्त्रालय जनमत पार्टीको कोटामा छ। तर कमिसन नदिने मन्त्रालयको बजेट समयमा निकासा नदिएको आरोप अर्थ मन्त्री महेश यादव र सचिव रामकुमार महतोमाथि लागेको छ।

'सरकार नै पूर्ण रुपमा गडबड भएकाले त्यसमा रहेका सबै मन्त्रीहरुको स्थिति त्यस भन्दा फरक हुन सक्दैन' उनले भने, समग्रमा सरकार नै असफल भएको छ।

जनमत पार्टी संघीय सरकारको भावना अनुरुप मधेश प्रदेश सरकारको नेतृत्व मधेशी दलहरुबाट नै हुनुपर्ने पक्षमा देखिएको छ। संघीय सरकारले नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)को नेतृत्वमा मधेशमा सरकार होस् भने पक्षमा नरहेको स्रोतहरु बताउँछन्।

उच्चस्रोतका अनुसार नेपाली कांग्रेस र जनता समाजवादी पार्टी(जसपा) नेपालबीच चार महिना पूर्व सरकार गठनको क्रममा सहमति भए बमोजिम साउन महिनामा मुख्यमन्त्री जसपा नेपाललाई हस्तान्तरण गर्ने रहेको छ।

हुन त कांग्रेसमा चलेको आन्तरिक कलहको प्रभाव पनि मधेश सरकारमा परेको छ। कांग्रेसको मुख्यमन्त्रीलाई विस्थापित गर्न कांग्रेसकै केही सांसद लागेको स्रोतले जनाएका छन्।

गत वर्ष जनमत पार्टीले पनि आफ्नै दलका नेता सतीश कुमार सिंहलाई मुख्यमन्त्रीबाट हटाएका थिए। सिंहलाई हटाउन जनमत पार्टीबाट वर्तमान अर्थमन्त्री यादवले नेतृत्व गरेका थिए।

यादवलाई हटाउन पनि त्यस्तै खेल शुरु भएको स्रोतले जनाएको छ। कांग्रेसका सांसदहरुको फरक गतिबिधिले जनमत पार्टीको निर्णयलाई बल पुऱ्याएको बताइन्छ। नयाँ बजेट बनाउनु अगावै सरकारको नेतृत्व परिवर्तनको गृह कार्यमा केहि सांसदहरु कार्य थालिसकेको स्रोतले जनाएका छन्।

## एक सयभन्दा बढीको सामग्री ल्याए भन्सार तिर्नुपर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम। भारतबाट एक सय रुपैयाँभन्दा बढी मूल्यको सामान ल्याउँदा अनिवार्य रूपमा भन्सार तिर्नुपर्ने नियम कडाइका साथ लागू गरिएको छ।

सीमावर्ती भारतीय बजारबाट किनमेल गरेर नेपाल आयात गरिने सामग्रीमा नेपाल सरकारले भन्सारवापतको कर लगाएको छ। परिष्कृत नयाँ भन्सारको यात्रु सम्बन्ध सुविधाको नियमसँगै अब भारतीय बजारमा नेपालीले किनमेल गर्दा एक सय रुपैयाँभन्दा बढी मूल्यको वस्तुमा भन्सार लाग्ने छ।




यस अघि सीमानाका क्षेत्रका भारतीय बजारमा गरिने किनमेलमा भन्सार अनिवार्य थिएन। यसखालको नियमले सीमा क्षेत्रका नेपाली बजारलाई राहत मिल्ने भन्सार विभागको दाबी छ। २०८२ जेठ १५ मा परिष्कृत रुपमा अर्थ मन्त्रालयले प्रकाशित गरेको यात्रुको भन्सार सुविधा अन्तर्गत यस्तो नियम आएको भन्सार विभागले जनाएको छ।

यस अघि नै यस्तै प्रकृतिको नियम भए पनि कार्यान्वयन नहुँदा नेपाली उद्योगी/व्यापारी र बजार मर्कामा परेको गुनासो पछि परिष्कृत रुपमा कडाइको व्यवस्था गरिएको छ।

मधेश प्रदेशको ८ वटै जिल्लासंग जोडिएको सीमावर्ती क्षेत्र अवस्थित सुरक्षानिकायले माइकिंग गरी एकसय रुपैयाँभन्दा बढी मूल्य बराबरको सामग्री नेपाल ल्याइएमा भन्सार वापतको शुल्क अनिवार्य रुपमा बुझाउनुपर्ने भन्दै सर्वसाधारणमा सूचित गरिएको छ।

> हवाई यात्रुले ल्याउन पाउने यात्रु सुविधाका वस्तुहरुको कुनै पनि सुविधा स्थलमार्गका सर्वसाधारणलाई छैन। तर भारतीय सेनामा काम गर्ने सैनिक अधिकारी, भारत र चीनमा पढ्न जाने विद्यार्थीलाई भने कम्प्युटर र ल्यापटप ल्याउन भने सुविधा दिइएको छ।

विभागका प्रवक्ता पुण्यविक्रम खड्काले भने, 'नयाँ नियम राजपत्रमा आएसँगै हामीले मातहतका कार्यालयलाई यसबारे जानकारी गरायौं, अहिले कार्यान्वयन सुरु भएको छ,' उनले भने, 'नेपाल-भारत सीमामा भारततर्फका बजारमा गरिने किनमेलमा एक सय रुपैयाँ भन्दा धेरै भयो भने त्यो भन्सार घोषणा गरेर मात्रै नेपाल ल्याउन पाइन्छ।'

यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने मालवस्तु जाँच पास सम्बन्धी संशोधनको ५ नम्बर बुँदामा यस्तो व्यवस्था गरिएको छ। जसमा हवाई यात्रुले ल्याउन पाउने यात्रु सुविधाका वस्तुहरुको कुनै पनि सुविधा स्थलमार्गका सर्वसाधारणलाई छैन। तर भारतीय सेनामा काम गर्ने सैनिक अधिकारी, भारत र चीनमा पढ्न जाने विद्यार्थीलाई भने कम्प्युटर र ल्यापटप ल्याउन भने सुविधा दिइएको छ।

विभागले जनाए अनुसार नियमानुसार व्यक्तिगत प्रयोजनका लागि एक सय रुपैयाँसम्मका वस्तु ल्याउँदा पनि भन्सारले जाँच परीक्षण गर्नु पर्ने उल्लेख छ। तर विभाग अन्तरगतका मातहत कार्यालयहरुले भने एक सय रुपैयाँसम्मका वस्तुहरु ल्याउन दिने तर सो भन्दा बढीको वस्तुमा भन्सार लाग्ने भन्दै सूचना जारी गरेका छन्।

विभागको निर्देशन लगत्तै भन्सार कार्यालयहरुले सूचना जारी गरेर भारतबाट नेपाल आउने यात्रुहरुले ल्याउन पाउने सामानबारे प्रष्ट् याएको छ। भन्सार कार्यालयले जनाए अनुसार अब भारतीय बजारमा किनमेल गर्दा एक सय रुपैयाँ भन्दा बढी मूल्यको वस्तुको अनिवार्य भन्सार घोषणा गर्नुपर्ने छ।

दुई देशको सीमामा भारततर्फ किनमेल गर्ने नेपाली प्रवृतिका कारण नेपालमा परेको असर कम गर्न यस्तो नियमन थालिएको छ। भन्सार कार्यालयका एक कर्मचारीले जनाए जनाए अनुसार 'बिहे, ब्रतबन्ध, दशैं, तिहारको किनमेल गर्न समेत भारतीय बजारमा गर्न पहाड देखिका मानिसहरु आउँछन्, 'कर लगाएर सामान ल्याउने नेपाली व्यापारीको पसल नचल्ने तर भारतीय बजार गुल्जार हुने प्रवृत्ति रोक्न पनि यो नियममा कडाइ थालिएको छ।'


स्थानीय तह, जिल्ला प्रशासन र व्यवसायीहरु बीचको छलफल पछि यस्तो व्यवस्था लागु गरिएको छ।

भन्सार विभागले पनि कर नलाग्ने बजारमा गएर नेपाली मुद्रामा गरिने कारोबार निरुत्साहित गर्न यस्तो नियम कडाइका साथ कार्यान्वयन थालिएको जनाएको छ। अझ अहिले त नेपाली रुपैयाँ बलियो भएको बेला भारतीय बजारमा हुने कारोबारले उल्टै मुलुकलाई असर गरेको विभागले दाबी गरेको छ।

पूर्वको ठूलो भन्सार नाका विराटनगरले पनि स्थलमार्गबाट यात्रुले गर्ने कारोबारलाई कडाइ थालेको छ। विराटनगर भन्सार कार्यालय रानीका प्रमुख ज्ञानेन्द्रराज ढकालले भन्सारमा कडाइ गरिएको जानकारी दिए। एक सय रुपैयाँभन्दा बढीको सामग्री ल्याउनेलाई भन्सार वापतको शुल्क भुक्तानी गर्नुपर्ने र यस्तो कारोबारमा संलग्न नहुन माइकिङ गरेर हरेक दिन सम्झाउने काम भइरहेको जनाइएको छ।



# जुडशीतल पर्वको रौनक



**टुडे समाचारदाता**

जलेश्वर । मिथिला क्षेत्रमा हिलो खेलेर वर्षभरि सहकाल होस् भन्ने कामना गर्दै जुडशीतल पर्व मनाइँदैछ। तर यस क्षेत्रका अधिकांश वस्तीमा पानीका स्रोतका मुहान चैतमै सुकेर, पोखरी, डबरा (ससाना पोखरी आकारका खाल्डा) मा धाँजा फाटेपछि यहाँ माटोको हिलो देखिएको छैन । हिलो कतै नदेखिएपछि जुडशीतल पर्वको रौनकता नै हराउने चिन्ता बढेको छ।

कृषिसँग गहिरो नाता राख्ने जुडशीतल पर्व हिलो खेल्न नपाएर निरस हुनसँगै यहाँ खेतीपाती मात्र नभएर राम्रो पानी परेर मुहान नरसाएसम्म खानेपानीकै हाहाकार पर्ने गर्छ । खासगरी जिल्लाको उत्तरी क्षेत्रका गौशाला, बर्दिबास र भङ्गाहा नगरपालिका क्षेत्रमा नदी, पानीखोल्सी, जरुवा, इनार र चापाकलसहितका पानीका स्रोतका मुहान सुक्दै गएपछि चैत नसकिदै खानेपानीको सङ्कट ब्यहोर्नु परेको बर्दिबास-१२ डाँडाटोल बिजलपुराका विश्वनाथ सिंह (६५ वर्ष) कुशवाहा बताउनुहुन्छ।

"नयाँ वर्ष सुरु हुँदा हामीकहाँ हिलो खेलेर सहकालको कामना गर्ने मैथिल परम्परा छ" कुशवाहा भन्नुहुन्छ, "तर चैत नसकिदै इनारको पानीको सतह गहिरिंदै गएर हाहाकार नै पर्न थालिसकेको छ, नयाँ वर्षमा खेलिने हिलो कहाँ पाउनु ?" पानीकै अभावले जुडशीतलमा हिलो खेल्ने परम्परा अब सपना बनेको उहाँ बताउनुहुन्छ । कुशवाहा मात्र नभएर यहाँका आम सर्वसाधारण पानीको समस्याको 'तारणहार' (समस्या निदान गर्ने) बनेर को निस्कलान् भन्ने प्रश्न तेर्स्याउँछन् ।

भर्खरै मुलुकमा निर्वाचन सम्पन्न भएर नयाँ सरकार गठन भएको छ। नयाँ सरकारसँग आफ्ना दुःख सुखका अपेक्षा सँगालेका महोत्तरीबासी चढ्दो गर्मीसँगै अब पानीको सङ्कट सधैँलाई टार्ने काम होस् भन्ने आशमा छन् । पछिल्ला एक/डेढ दशकयता चैत नसकिदै पानीका स्रोतका मुहान सुक्ने समस्या यहाँका सर्वसाधारणको नियति नै बनेको छ । यो समस्याको दीर्घकालीन समस्या निदानमा सरकारले उपयुक्त कदम बढाओस् भन्ने यहाँका बासिन्दाको माग छ।

हिउँद्मा वर्षा हुँदा मुहान रसाई रहेर पानीको समस्या कम हुने यहाँका बासिन्दाको विगत अनुभव छ। यसपालि हिउँद्मा पानी नपरी बित्दा मुहान सुक्न थालेका हुन्। चैत लागेपछि भने पानी परेको छ। ढिलो पानी पर्दा सुकेको मुहान रसाउन समय लाग्ने हुँदा यहाँ चैत नसकिदै पानीको समस्या बढ्न थालेको भङ्गाहा-४ प्रेमनगरका जवाहर महतो बताउनुहुन्छ।

"यसपालि हिउँद्भरि पानी नपर्दा इनारमा पानीको सतह गहिरिएको छ" घर अगाडिको इनार देखाउँदै महतोले भन्नुभयो, "चैत लागेयता भने पानी परेको छ, ढिलो पानी परेको हुँदा मुहान

> "नयाँ वर्ष सुरु हुँदा हामीकहाँ हिलो खेलेर सहकालको कामना गर्ने मैथिल परम्परा छ" कुशवाहा भन्नुहुन्छ, "तर चैत नसकिदै इनारको पानीको सतह गहिरिंदै गएर हाहाकार नै पर्न थालिसकेको छ, नयाँ वर्षमा खेलिने हिलो कहाँ पाउनु ?"

रसाउन पाएको छैन ।" अब केही दिनको फरकमा पानी परिरहे मुहान रसाउने आश भने पलाएको उहाँ बताउनुहुन्छ । चैत लागेयता १०/१२ दिनको फरकमा केहीबेर वर्ष भए पनि मुहानहरू अझै राम्ररी नरसाउँदा खानेपानीको अभाव हुन थालेको यहाँका बासिन्दा बताउँछन् । "हिउँद्भरि पानी नपर्दा मुहान सुकेका छन्, चैत लागेयता पटकपटक परेको पानीले अझै मुहानमा चिस्यान भरिएको छैन । नयाँ वर्ष सुरु हुन अगावै यहाँ पानीको अभाव खट्किन लागेको छ" भङ्गाहा-४ कै रामनगर बस्तीका ८० वर्षीय किसान दीपबहादुर फुँयालले भन्नुभयो ।

पछिल्ला एक/डेढ दशकयता गौशालाका १२ मध्ये आठ, बर्दिबासका १४ र भङ्गाहा नगरपालिकाका नौमध्ये तीन वटा वडा बस्तीमा गर्मीयाममा खानेपानीको समस्या बढ्दै गएको छ । बर्दिबासमा अधिकांश बस्तीमा नदी र खोल्साखोल्सीको पानी सङ्ग्रह गरेर टङ्कीमा भण्डारण गरेर धाराबाट वितरण गरिन्छ । गर्मीयाममा नदी र खोल्साखोल्सी सुकेपछि यहाँ बर्सेनिजसो खानेपानीको अभाव सर्वसाधारणले व्यहोर्दै आएका छन् । "दुई दिन भयो, पानी धेरै चाहिने बिहान/बेलुकाको समयमा धारामा पानी आउन छाडेको छ" बर्दिबास-१ को मुख्यचोककै बासिन्दा उद्धवबहादुर क्षत्री भन्नुहुन्छ, "वैशाख नलाग्दै यो अवस्था छ, जेठको प्रचण्ड रापमा झन् के होला ?"

पानीको यो समस्याले मुखमा आएको नयाँ वर्षमा मनाइने जुडशीतल पर्वबारे पछिल्लो किशोर पुस्तालाई कथा हालेर बताउनुपर्ने अवस्था बन्दै गएको बर्दिबास-१४ का पूर्व वडाध्यक्ष भरतबहादुर हमालको भनाइ छ । गर्मी बढेसँगै महुानमा पानी घटेपछि यसको असर उपभोक्तामा परेको बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका उपाध्यक्ष राजेन्द्र थापा स्वीकार गर्नुहुन्छ । "गर्मी यामममा मुहानमा पानी घटेपछि ट्याङ्कीमा भरिन समय लाग्छ, त्यसैले गर्मी यामभरि सबैतिरका धारामा पानी पुऱ्याउन समय व्यवस्थापन गर्नुपर्दा थोरै समस्या पर्ने गरेको छ" थापा भन्नुहुन्छ, "तर हामो व्यवस्थापनले पानीको हाहाकार नै भने पर्न दिएको छैन ।"

बर्दिबासका वडा नं १, २, ३, ४, ५, ८, १०, ११ र १४ का बस्ती पूरै खोल्साखोल्सी र नदीबाट सङ्गहित पानी धाराबाट वितरण गरिने प्रणालीको भरमा छन् । बर्दिबासकै ६, ७, ९, १२ र १३ का बस्तीमा भने धारा चलनमा रहेपनि इनार खानेपानीको मुख्य स्रोत रहँदै आएको छ। यसैगरी गौशालाका १, ३, ४, ५ ८, १०, ११ र १२ नम्बर वडाका बस्ती यस्तै सङ्गहित पानी धाराबाट वितरण हुँदै आएका बस्ती हुन् । गौशालाका २, ६, ७ र ९ नम्बर वडाबस्तीमा खानेपानीका लागि धेरैजसो चापाकल प्रयोगमा छन् । यसैगरी भङ्गाहाका ३, ४ र ५ नम्बर वडाबस्तीमा खानेपानीका स्रोत इनार र चापाकल छन् । गर्मी चढ्दै गएसँगै यी पानीका स्रोतका मुहान सुक्दै गएपछि यहाँ पानीको अभाव बढ्ने गरेको छ । यो क्रम असारमा राम्रो वर्षा नहउञ्जेल रहने यस भेगका बासिन्दा बताउँछन् ।

लामो खडेरी पर्दा जिल्लाको उत्तरीक्षेत्र मात्र नभएर सुदूर दक्षिणी भेगको जिल्ला सदरमुकाम जलेश्वर नगर क्षेत्रमा पनि खानेपानीको हाहाकार पर्ने गरेको छ । गत वर्ष जलेश्वरमा बाहिरबाट ट्याङ्करमा पानी ओसार्नु परेको जलेश्वर-१ का बासिन्दा ७० वर्षीय सुधीर साह सम्झनुहुन्छ । दुई वर्षअघि जलेश्वर नगरपालिकाका १२ वडामध्येका अधिकांश बस्तीमा खानेपानीको हाहाकार परेको नगरबासी सम्झन्छन् ।

पानीको दुःख चुरे पहाडि काछका बासिन्दाले पनि बर्सेनि भोग्दै आएका छन् । महोत्तरीको पूरै चुरे क्षेत्र बर्दिबास नगरपालिकामा पर्छ। यी काछबस्तीमा खानेपानीको मुख्य स्रोत जरुवाका मुहान सुक्दै गएपछि समस्या बढेको काछबासी बताउँछन् । चुरे पाहाडि काछमा बर्दिबास नगरपालिका-३, ४, ५, १० र ११ नं वडाका ३० भन्दा बढी बस्ती छन् । पाखा बस्तीका सबैको गर्मीयाममा खानेपानी सङ्कट झेल्नु समान पीडा बनेको छ ।

"एक दशकअघिसम्म यहाँका जरुवा कहिल्यै सुक्दैनथे, पछिल्ला केही वर्षयता नदी, पाखा र बगर पर्ति जग्गामा बालुवा ढुङ्गा झिक्न ठूलठूला यन्त्र चल्न थालेपछि मुहान सुक्दै गएका हुन्" बर्दिबास-११ खयरमाराका सामाजिक अगुवा ७५ वर्षीय चन्द्रलाल गौतम भन्नुहुन्छ, "वन उजाडिदै जानु र अवैध उत्खनन् नियन्त्रण हुन नसक्दा पानीका मुहान चाँडै सुक्ने गरेका हुन् ।" अब सरकारले पानीका स्रोतको मुख्य मुहान चुरेको संरक्षण गर्न तत्काल ठोस पहलकदमी बढाउन पर्ने उहाँको भनाइ छ । "सरकारले जलाधार क्षेत्रको संरक्षण र वन क्षेत्रमा पानी पुनर्भरणका पोखरीहरू बनाउन सके अहिले भोग्दै आइएको समस्या धेरै घट्छजस्तो लाग्छ" गौतमको सरकारलाई सुझाव छ।

यसपालि राम्ररी हिउँदे वर्षा नभएको, नदी क्षेत्रमा बालुवा, ढुङ्गा उत्खनन् गर्नेहरूले ठूल्ठूला गहिरा खाल्डा बनाएका र चुरे क्षेत्रका जलाधार क्षेत्र धमाधम पुरिदै जाँदा नदी र खोल्साखोल्सी सुक्दै गएका छन् । यसैगरी इनार र चापाकलमा पानीको सतह गहिरिदै गएर चैत नसकिदै खानेपानीको अभाव हुन लागेको चुरे तथा जलाधार विज्ञको भनाइ छ । "मधेशमा पानीको स्रोतको मुख्य मुहान चुरे नै हो" चुरे विज्ञ जिल्लाकै भङ्गाहा-७ मेघरोलका बासिन्दा डा. विजयकुमार सिंह भन्नुहुन्छ, "यो मुख्य स्रोतको संरक्षणमा तीनै तहका सरकारको समन्वयात्मक पहलकदमी आवश्यक छ ।" तर यो काम सरकारका प्राथमिकतामा नपर्दा दिनदिनै पानीको सङ्कट झनझन गहिरिदै गएको उहाँको ठम्याइ छ । यसमा सङ्घीय र प्रदेश सरकारभन्दा स्थानीय सरकारको तदारुखता बढी व्यवहारिक र उपलब्धिमूलक हुने डा. सिंह बताउनुहुन्छ ।

"विकास निर्माणका योजना र पूर्वाधार विकासका कतिपय योजना चुरे र वन क्षेत्रको भौगोलिक अवस्थाको ख्याल नगरी बनिदा छन्, चुरेको माटो अत्यन्त खुकुलो छ, यहाँ सडक, पुलपुलेसा बनाउन ढिस्का झार्न यान्त्रिक उपकरण प्रयोग गरिन्छन्" डा. सिंह भन्नुहुन्छ, "यसले बर्सेनी पहिरो खस्ने र गेग्यानले पानीका मुहान पुरिंदै गएका छन् ।" यसबाहेक विश्वव्यापी जलवायु परिवर्तनको असरले सन्तुलित वर्षामा प्रतिकूल प्रभाव पारेको उहाँको भनाइ छ। यो असरलाई भने यसकै अनुकूलन हुनेगरी सकारात्मक अभ्यासमा जानपर्ने डा. सिंहको सुझाव छ।

खासमा स्थानीय तहहरूले प्राकृतिक सम्पदाको उपयोग नीति स्पष्ट नपारेसम्म समस्या समाधान हुन नसक्ने विज्ञ बताउँछन् । चुरे पहाड, जलाधार क्षेत्र र वनक्षेत्रको संरक्षण, वनक्षेत्र र पर्ति जग्गामा पुनर्भरण पोखरी निर्माण र चुरेबाट निस्कने खोल्साखोल्सीबाट बग्ने गेग्यान व्यवस्थापनको मुख्य नेतृत्व स्थानीय तहले लिएर प्रदेश र सङ्घीय सरकारसँग समन्वयमा काम बढाउनसके क्रमशः अवस्थामा सुधार हुँदै जाने चुरे तथा जलाधार क्षेत्रको संरक्षणमा लामो अनुभव सँगाल्नु भएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिबासका अध्यक्ष चुरेविज्ञ नागदेव यादव बताउनुहुन्छ।

## डिआईजी थपलियाद्वारा दर्ज्यानी चिन्ह प्रदान

**टुड समाचारदाता**

रौतहट । मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधाममा दर्ज्यानी चिन्हद्वारा सुशोभन कार्यक्रम सम्पन्न भएको छामधेश प्रदेश प्रहरी प्रमुख डिआईजी गोबिन्द थपलियाले मंगलवार जनकपुरधाम स्थित एक विशेष समारोहका बीच दर्ज्यानी चिन्ह प्रदान गरेका हुन् ।

नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखा, नक्सालको विभिन्न मितिका पत्र तथा गृह मन्त्रालय (सचिवस्तर) को निर्णयअनुसार यही वैशाख १ गतेदेखि लागू हुने गरी प्राविधिक प्रहरी वरिष्ठ सईबाट प्राविधिक प्रहरी ईन्स्पेक्टर पदमा बढुवा



भएका रामकुमार चौधरी, अरुणकुमार सिंह र यज्ञप्रसाद चौलागाईंलाई दर्ज्यानी चिन्ह प्रदान गरिएको हो ।

डिआईजी थपलियाको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा नवपदोन्नत अधिकृतहरुलाई दर्ज्यानी चिन्हद्वारा सुशोभन गरेका थिए । प्रमुख अतिथि थपलियाले बढुवा भएका अधिकृतहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्दै पदोन्नतिसँगै थप जिम्मेवार, व्यावसायिक र इमान्दार भएर काम गर्न निर्देशन दिएका थिए । उनले राज्य, संगठन र नागरिकप्रति उत्तरदायी भई कुशलतापूर्वक कार्यसम्पादन गर्न आग्रहसमेत गरेका थिए ।

कार्यक्रममा प्रहरी अधिकृत तथा अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# यातायातबाट पांच बिचौलिया पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित यातायात सेवा आसपास बिचौलियाको गतिविधिमा संलग्न रहेको आरोपमा पाँच जना व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सेवाग्राहीलाई भ्रममा पारेर गैरकानुनी रूपमा रकम असुल्ने काममा संलग्न भएको आशंकापछि उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषा ले जनाएको छ।

प्रहरीका अनुसार नियन्त्रणमा पर्नेहरूमा जनकपुरधाम-१ का मनोजकुमार महतो, वडा नं. १४ का विजयकुमार यादव, वडा नं. ७ का अरुणप्रसाद साह, वडा नं. ८ का कन्हैया झा तथा हंसपुर नगरपालिका-५ का सुरेश साह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषा का प्रवक्ता मधुसुधन न्यौपाने ले सवारी चालक अनुमति पत्र, सवारी दर्ता लगायतका काम छिटो गराइदिने बहानामा सेवाग्राहीसँग अनावश्यक रकम असुल्ने गतिविधि बढेको गुनासो आएपछि निगरानी कडा पारिएको बताए । सोही क्रममा शंकास्पद गतिविधिमा संलग्न देखिएपछि पाँच जनालाई नियन्त्रणमा लिइएको उनको भनाइ छ।

उनका अनुसार यातायात कार्यालय परिसरमै केही व्यक्तिहरूले छिटो सेवा दिलाउने नाममा ठगी गर्ने प्रयास गरिरहेको सूचना प्राप्त भएपछि प्रहरी सक्रिय रूपमा खटिएको थियो । यस्ता गैरकानुनी गतिविधि नियन्त्रण गर्न प्रहरी कडाइका साथ अघि बढेको समेत उनले बताए । पक्राउ परेकामाथि थप अनुसन्धान जारी रहेको छ। अनुसन्धान प्रक्रिया पूरा भएपछि कानुनी कारबाही अघि बढाउने वा नबढाउनेबारे निर्णय गरिने जनाइएको छ।

प्रहरीले सेवाग्राहीलाई कुनै पनि सेवा लिँदा बिचौलियाको भर नपरी सम्बन्धित कार्यालयमार्फतै प्रक्रिया पूरा गर्न आग्रह गरेको छ।


# भारतको सहयोगमा शैक्षिक भवन निर्माण शुरु

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको पोखरिया नगरपालिका-७ स्थित महोबनी पदम माध्यमिक विद्यालयमा भारत सरकारको आर्थिक सहयोगमा नयाँ शैक्षिक भवन निर्माण कार्य शुरु गरिएको छ। करिब ७ करोड २५ लाख रुपैयाँ लागतमा बन्ने तीन तल्ले आधुनिक विद्यालय भवनको मंगलबार एक कार्यक्रमबीच शिलान्यास गरिएको छ।

शिलान्यास कार्यक्रममा वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मिना र पोखरिया नगरपालिकाका मेयर प्रदुमन प्रसाद चौहानले संयुक्त रूपमा आधारशिला राखेका थिए । उक्त परियोजना नेपाल-भारत विकास साझेदारी अन्तर्गत उच्च प्रभाव सामुदायिक विकास परियोजना मार्फत कार्यान्वयनमा ल्याइएको हो।

परियोजना अनुसार कुल लागत मध्ये ६ करोड ५३ लाख रुपैयाँ भारत सरकारको अनुदानबाट तथा बाँकी ७२ लाख रुपैयाँ पोखरिया नगरपालिकाको लगानीमा निर्माण कार्य अघि बढाइएको छ । निर्माण सम्पन्न भएपछि विद्यालयमा दुईवटा तीन तल्ले भवन रहनेछन्, जसमा १२ वटा कक्षाकोठा,



पुस्तकालय, कम्प्युटर तथा विज्ञान प्रयोगशाला, क्यान्टिन, भोजनालय लगायतका आधुनिक सुविधा उपलब्ध हुनेछन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै महावाणिज्यदूत देवी सहाय मिनाले नेपालको समग्र विकासमा भारत सरकारको सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गरे । उनले "छिमेकी पहिलो" नीतिअनुसार भारतले शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासका क्षेत्रमा नेपाललाई सघाउँदै आएको उल्लेख गर्दै आगामी दिनमा समेत सहयोगलाई निरन्तरता दिने बताए ।

उनका अनुसार उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू नेपाल-भारत विकास सहकार्यको महत्वपूर्ण हिस्सा हुन्, जसले विद्यालय, स्वास्थ्य संस्था, सडक, पुल, सिँचाइ र अन्य आधारभूत संरचनाको विकासमार्फत स्थानीय तहको जीवनस्तर उकास्न सहयोग पुऱ्याउँदै आएका छन् ।

मधेश प्रदेशमा मात्र भारत सरकारले हालसम्म ८७ वटा परियोजना स्वीकृत गरिसकेको छ, जसमध्ये ६१ सम्पन्न भइसकेका छन् भने २६ निर्माणाधीन छन्। तीमध्ये शिक्षा क्षेत्रमा सबैभन्दा बढी परियोजना रहेका छन्। यसका साथै भारत सरकारले नेपालभर १०४९ एम्बुलेन्स र ३८१ वटा स्कुल बस उपलब्ध गराइसकेको छ, जसले दुर्गम क्षेत्रमा स्वास्थ्य र शिक्षामा पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

हाल करिब २४०० विद्यार्थी अध्ययनरत रहेको यस विद्यालयमा नयाँ भवन निर्माणपछि शैक्षिक वातावरण थप सुधार हुने विश्वास गरिएको छ। सुरक्षित, आधुनिक र सुविधासम्पन्न पूर्वाधारले विद्यार्थीको सिकाइ स्तर उकास्न मद्दत गर्ने अपेक्षा गरिएको छ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन समग्र रुपमा अनुकुल र प्रगतिशील रहने संकेत देखिन्छ। |
| वृष : | विगतमा रोकिएका आर्थिक लेनदेन वा बक्यौता रकम प्राप्त हुने संकेत देखिन्छ। |
| मिथुन : | निर्णय गर्दा हतार नगरी विवेक प्रयोग गर्नु लाभदायक हुनेछ। |
| कर्कट : | आज केही चुनौतीपूर्ण परिस्थिति पुनः देखा पर्न सक्ने संकेत छन् । |
| सिंह : | आर्थिक लाभका नयाँ अवसरहरु देखा पर्ने सम्भावना बलियो छ। |
| कन्या : | नयाँ योजना तथा कार्यहरु कार्यान्वयन तर्फ उन्मुख हुने देखिन्छ। |
| तुला : | आजको दिन सामान्य तर सन्तुलित रहनेछ। |
| वृश्चिक : | धार्मिक तथा सदाचारयुक्त गतिविधि प्रति रुचि बढ्नेछ। |
| धनु : | स्वास्थयमा सुधार आउनेछ। |
| मकर : | आज अध्ययन, अनुसन्धान तथा बौद्धिक कार्यप्रति विशेष ध्यान केन्द्रित हुने देखिन्छ। |
| कुम्भ: | आजको दिन विशेष रुपमा सकारात्मक र उत्साहजनक रहने संकेत छन् । |
| मीन: | सावधानी अपनाउनुपर्ने देखिन्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ढोरपाटनमा पहिलो पटक हिउँ चितुवा गणना गरिँदै

गलकोट । नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पहिलो पटक हिउँ चितुवा गणना गरिने भएको छ ।

नाउर र झारलको वैधानिक सिकार गरिने ढोरपाटन सिकार आरक्षको उच्च हिमाली भेगमा हिउँ चितुवा पाइने भएपनि हालसम्म गणना गरिएको थिएन । हिउँ चितुवा गणनाका लागि गणकलाई तालिम दिने तयारी गरिएको आरक्षका रेन्जर सागर सुवेदीले जानकारी दिनुभयो ।



सुवेदीका अनुसार गणनामा आरक्षका कर्मचारी, तालिम प्राप्त गणक तथा स्थानीयको सहभागिता रहने छ । हिउँ चितुवा गणनाका लागि उच्च पहाडी भेगमा रहेका सिकार ब्लकमा ५६ क्यामेरा जडान गरिने छ । "पहिलोपटक हिउँ चितुवाको अवस्था पत्ता लगाउन लागेका छौं, करिब १० जना गणकहरू ४५ दिनसम्म क्यामेरा राख्दै, प्रत्यक्ष फोटो तथा भिडियो खिच्दै र चितुवाको पाइला तथा दिसा सङ्कलन गरी गणनाको प्रतिवेदन तयार पारिने छ", सुवेदीले भन्नुभयो, "क्यामेराले कैद गरेका तस्बिर र अन्य स्थलगत प्रमाणहरूका आधारमा हिउँ चितुवाको सङ्ख्या पत्ता लाग्छ । आगामी वर्ष भने यहाँका नाउर र झारल गणना गरिने छ ।"

यस आरक्षको चार हजार मिटरदेखि सात हजार मिटरभन्दा माथिसम्म हिउँ चितुवाको बासस्थान रहेको छ । एक हजार ३२५ वर्ग किमी क्षेत्रफलमा फेलिएको आरक्षको मुख्यालय बागलुङमा रहेपनि म्याग्दी र रुकुम सम्म फैलिएको छ । आरक्षका विभिन्न सिकार ब्लकमध्ये सेङ, सुनदह, दोगाडी, घुस्तुङ, बार्से र फागुने ब्लकमा हिउँ चितुवा गणना गर्ने तयारी आरक्षले गरेको छ । रेन्जर सुवेदीका अनुसार हिउँ चितुवा हिँड्ने सम्भावित बाटो, चट्टान, घारी र पास क्षेत्रमा स्वचालित क्यामेरा राखेर फोटो कैद गरी फोटोका आधारमा शरीरको धब्बा मिलाएर छुट्टाछुट्टै चितुवाको पहिचान गरिनेछ । हिउँ चितुवाको दिसा सङ्कलन गरेर प्रयोगशालामा परीक्षण गरिने र पदचाप तथा सङ्केत सर्वेक्षण पाइलाका आधारमा समेत गणना गरिने जनाइएको छ ।

यस आरक्षमा २०७९ सालको गणनाअनुसार एक हजार २९० नाउर र ७४४ झारल भेटिएका थिए । रासस

# यस्तो रह्यो नेपाली चलचित्रको २०८२ साल




काठमाण्डु । नेपाली चलचित्र क्षेत्रका लागि वर्ष २०८२ समग्रमा सुखद रह्यो । गत वर्ष प्रदर्शन भएका चलचित्रले घरेलुबजारमा दर्शकको राम्रो साथ पाए । चलचित्र विकास बोर्डले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत वर्ष स्वदेशी चलचित्र ५७ वटा प्रदर्शन भए ।

चलचित्र विकास बोर्डअन्तर्गतको सेन्ट्रल म्यानेजमेन्ट टिकट सिस्टम (सिनेपा २ बक्सअफिस)को तथ्याङ्कअनुसार गत कात्तिक १४ मा प्रदर्शन भएको चलचित्र 'परान' ले १७ करोड ७६ लाख ८४ हजार ४१० रुपैयाँ कमाइ गर्दै घरेलुबजारमा सर्वाधिक कमाइ गर्ने स्वदेशी चलचित्र बन्यो । प्रदर्शन भएका चलचित्रमध्ये सबैभन्दा न्यून कमाइ गर्ने चलचित्र 'इन्दिरा धिमे मैचा' बन्यो । उक्त चलचित्रले कूल ११ हजार ७०० रुपैयाँ मात्र कमाइ गरेको तथ्याङ्क उल्लेख छ ।

गत वर्ष सर्वाधिक कमाइ गर्ने चलचित्र 'परान' का लागि कूल छ लाख ३० हजार ६९१ प्रति टिकट बिक्री भएको थियो । दीपकप्रसाद आचार्यले निर्देशन गर्नुभएको उक्त चलचित्रले विशेषतः परिवारलाई दर्शक बनाएर चलचित्र भवनसम्म ल्याउन सफल भएको थियो ।

त्यसैगरी गत वर्ष सर्वाधिक कमाइ गर्ने सूचीको दोस्रो स्थानमा चलचित्र 'आ बाट आमा' रहेको छ । उक्त चलचित्रका लागि पाँच लाख चार हजार ३२९ प्रति टिकट बिक्री हुँदा १३ करोड १३ लाख ७८ हजार ५२० रुपैयाँ कमाइ गरेको छ ।

निर्देशक चन्द्र पन्तले निर्देशन गर्नुभएको उक्त चलचित्रमा अभिनेता पल शाह, विपना थापा, प्रदीप रावत, उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल, गजित विष्ट, बेगम नेपालीलगायतका कलाकारले अभिनय गरेका छन् । आमा र छोराबीचको कथा देखाइएको चलचित्र हालसम्म पनि नेपालका केही चलचित्र भवनमा प्रदर्शनरत छ ।

गत वर्ष सर्वाधिक कमाइ गर्ने चलचित्रको सूचीमा तेस्रो स्थानमा 'जेरी अन टप' रहेको छ । सगरमाथा आरोहण र प्रेम कथा देखाइएको उक्त चलचित्रले नेपालको सुन्दरतालाई चित्रण गरेको थियो ।

सामाजिक विषयवस्तुसँग आधारित रहेर तयार भएका चलचित्रको भिडमा भिन्न देखिएकै कारण 'जेरी अन टप' ले १२ करोड २८ लाख ८४ हजार रुपैयाँ कमाइ गर्न सफल भएको छ । सुयोग गुरुङले निर्देशन गर्नुभएको उक्त चलचित्रमा अनमोल केसी, आँचल शर्मा, जसिता गुरुङ, केदार घिमिरे, भुवन केसीलगायतका कलाकारले अभिनय गरेका छन् ।

प्रेम कथानक चलचित्र 'उनको स्वीटर' गत वर्ष २०८२ मा सर्वाधिक कमाइ गर्ने सूचीको चौथो स्थानमा छ । विपिन कार्की, मिरुना मगर, विल्सन विक्रम राईलगायतले अभिनय गरेको उक्त चलचित्रले घरेलुबजारमा ११ करोड ४१ लाख ९२ हजार १९५ रुपैयाँ कमाइ गरेको छ । नवीन चौहान निर्देशित उक्त चलचित्रका लागि तीन लाख ९२ हजार २४३ प्रति टिकट बिक्री भएको थियो ।

पाँचौं स्थानमा रहेको चलचित्र 'जारी २' ले छ करोड २४ लाख १७ हजार ४५३ रुपैयाँ कमाइ गरेको छ । उपेन्द्र सुब्बाले निर्देशन गर्नुभएको उक्त चलचित्रका लागि दुई लाख नौ हजार ३३३ प्रति टिकट बिक्री भएका थिए । उक्त चलचित्रमा अभिनेता दयाहाङ राई, मिरुना मगर, विजय बराल, बुद्धि तामाङलगायतका कलाकारले अभिनय गरेका छन् ।

त्यसैगरी सर्वाधिक कमाइ गर्ने चलचित्रको छैटौं स्थानमा चलचित्र 'बलिदान' रहेको छ । जसले पाँच करोड १० लाख ५१ हजार १७२ रुपैयाँ, सातौं स्थानमा रहेको चलचित्र 'मोहर' ले पाँच करोड आठ लाख ९५ हजार ५१२ रुपैयाँ र आठौं स्थानमा रहेको चलचित्र 'हरिबहादुरको जुत्ता' ले चार करोड ७१ लाख ३८ हजार ६८७ रुपैयाँ कमाएको उल्लेख छ । नवौं स्थानमा रहेको चलचित्र 'माग्ने राजा' ले चार करोड ६९ लाख ४३ हजार ६५१ रुपैयाँ र दशौं स्थानमा रहेको चलचित्र 'माइतीघर' ले चार करोड १६ लाख ३१ हजार ८६३ रुपैयाँ कमाइ गरेको छ ।

> "अहिले धेरै चलचित्र नेपालसँगै विदेशी बजारमा पनि प्रदर्शन हुने गरेको पाइन्छ । ती चलचित्रले दर्शकको मन जित्न सके व्यावसायिक रुपमा राम्रो गरिरहेको उदाहरण प्रसस्तै छन्, सोही कारण अहिले नेपालसँगै अन्य बजार पनि सम्भावनाका रुपमा अगाडि आएको छ"

गत वर्ष कलाकारको 'स्टारडम' भन्दा 'कन्टेन्ट' चलेको वर्षका रुपमा हेर्न सकिन्छ । प्रदर्शन भएपछि दर्शकले नै सिफारिस गरेका कारण सफलताको नयाँ कीर्तिमान बनाउन सफल भए ।

गत वर्ष दर्शकहरू कलाकारको अनुहारभन्दा पनि चलचित्रमा उठान गरिएको विषयलाई हेर्न आउनुभएको चलचित्र वितरक करण श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "गत वर्ष 'स्टार' कलाकारसँगै सामान्य रुपमा हेरिएको तर पात्रलाई पर्दामा जीवन्त बनाउन सक्ने कलाकारको चलचित्रको व्यापार धेरै भएको छ । दसैं र तिहारमा भएको चलचित्रको व्यापारले समग्र क्षेत्रलाई चलायमान बनाउन सफल भयो । गत वर्ष नेपालमा जेनजी पुस्ताको आन्दोलन, प्रतिनिधिसभाको निर्वाचनलगायतका गतिविधि भए तापनि समग्रमा चलचित्रको व्यापार राम्रो देखिएको छ ।"

गत वर्ष प्रदर्शन भएर घरेलुबजारमा राम्रो कमाइ गर्ने चलचित्रको सूची हेर्दा रङ्गमञ्चका कलाकारसँगै 'स्टार' भनिएका कलाकार पनि छन् । समग्रमा गत वर्ष अभिनय भन्दा 'स्टारडम'का कारण चर्चामा आउने अभिनेता अनमोल केसी, पल शाहसँगै आफूले पाएको पात्रलाई जीवन्त बनाउने अभिनेता विपिन कार्की, महेश त्रिपाठी, नीर शाहलगायतले अभिनय गर्नुभएको चलचित्र दर्शकको रोजाईमा परेको छ ।

चलचित्रमा विषयवस्तु वा कथा आकर्षणसँगै 'स्टारडम' भएका कलाकारको चलचित्रलाई दर्शकको साथ प्राप्त हुनु सुखद रहेको निर्देशक मिलन चाम्सले बताउनुभयो । "वर्ष विसं २०८१ मा चलचित्रको कथामा दर्शक आकर्षित हुनुभएको पाएका थियौं । यसले नयाँ चलचित्रकर्मीलाई पनि प्रेरणा दिन्छ", निर्देशक चाम्सले भन्नुभयो ।

गत वर्ष गत फागुनदेखि प्रदर्शनभएका चलचित्रले भने दर्शकको खासै साथ पाउन सकेका छैनन् । ती चलचित्रको व्यावसायिक तथ्याङ्क सुखद छैन । देश चुनावी माहोलमा प्रवेश गरेकै कारण फागुन र चैतमा प्रदर्शन भएका चलचित्रको व्यापार कमजोर भएको निर्देशक पुर्नेन्दु झाले बताउनुभयो ।

समग्रमा चलचित्रका लागि गत वर्ष सुखद नै रहेको निर्देशक तुलसी घिमिरेको बुझाइ छ । झन्डै नौ वर्षको विश्रामपश्चात् चलचित्र 'पहाड'मार्फत पुनः निर्देशनमा फर्किनुभएका निर्देशक घिमिरेले घरेलु र विदेशी बजारका कारण धेरै चलचित्रले लगानी सुरक्षित गर्न सकेको बताउनुभयो ।

"अहिले धेरै चलचित्र नेपालसँगै विदेशी बजारमा पनि प्रदर्शन हुने गरेको पाइन्छ । ती चलचित्रले दर्शकको मन जित्न सके व्यावसायिक रुपमा राम्रो गरिरहेको उदाहरण प्रसस्तै छन्, सोही कारण अहिले नेपालसँगै अन्य बजार पनि सम्भावनाका रुपमा अगाडि आएको छ", निर्देशक घिमिरेले भन्नुभयो ।

यो गत प्रदर्शन भएका चलचित्रको सङ्ख्या र घरेलुबजारमा सफल भएको चलचित्रको सङ्ख्या हेर्दा वर्ष २०८३ आशावादी हुन सकिने चलचित्रकर्मी बताउँछन् । रासस

# फरक क्षमता भएका बालबालिकाको स्याहारमा समस्या


टीकापुर । फरक क्षमता (अपाङ्गता) भएका बालबालिका स्याहारमा अभिभावकलाई कठिन हुने गरेको छ । अपाङ्गता भएका बालबालिकालाई स्याहारमा विशेष ध्यान र समय दिनुपर्दा अभिभावकको व्यक्तिगत जीवनमा पनि प्रभाव परेको बताएका छन् ।

टीकापुर नगरपालिका-१ वनगाउँकी जगतमाया शाहीकी छोरी जन्मजातै अपाङ्ग हुनुहुन्छ । १९ वर्षीया छोरी जन्मेदेखि नै हलचल गर्न नसक्ने भएपछि जगतमायाको परिवारले नेपाल र भारतका धेरै अस्पतालमा उपचार गराए । छोरीको देब्रे हात अलिअलि चल्छ, त्यसबाहेक शरीर नचल्ने भएपछि जगतमाया छोरीकै स्याहारमा लाग्नुभएको छ । "म पढेलेखेकी छु, जारिी खान सक्थे तर छोरी स्याहार्नुपर्ने बाध्यताले केही नगरी बसेकी छु", उहाँ भन्नुहुन्छ, "छोरी शारीरिक रुपमा मात्र होइन मानसिक रुपमा पनि अशक्त भएपछि स्याहारसुसारमा समस्या छ । मलाई उनको अवस्था, भविष्यको चिन्ताले साह्रै पीर लाग्छ ।"

जगतमाया आफू हुन्जेल त छोरी सुरक्षित रहेको, आफू नभए कसले स्याहार्ला भन्ने चिन्ता लाग्ने गरेको बताउनुहुन्छ । "दुई कक्षासम्म पढेकी छिन्, सानो हुँदा बोकेर विद्यालय पुऱ्याएपछि बोक्न गाह्रो हुँदा विद्यालय पढाउन सकिएन", उहाँ भन्नुहुन्छ, "विद्यालय पनि समावेशी छैनन्, विशेष शिक्षक, विशेष सामग्री र पहुँचयुक्त पूर्वाधार नहुँदा छोरीजस्ता बालबालिकाले शिक्षा पाएका छैनन् ।"

अपाङ्गता भएका बालकको तुलनामा बालिकालाई स्याहार्न कठिन छ । छोरीहरू महिनावारी हुने हुँदा सरसफाईलगायतका काममा अझ समस्या हुने गरेको उहाँको भनाइ छ ।

टीकापुरकै अर्का बालक मनोज विकको समस्या पनि यस्तै छ । तल्लो शरीर नचल्ने यी बालकले कक्षा १२ सम्म पढेका छन् । सानो हुँदा आमाले बोकेर विद्यालय गएका यी बालक जब वयस्क हुँदै गए आमाले विद्यालय लैजान सक्नुभएन । "कक्षा १० पढ्दासम्म आमा र बुबाले पालैपालो विद्यालय लैजानुहुन्थ्यो", मनोज भन्नुहुन्छ, "त्यसपछि मेरो शारीरिक तौल बढ्दै गयो, मलाई विद्यालय लैजान उनीहरूलाई पनि कठिन हुन थाल्यो", उहाँले भन्नुभयो, "कक्षा ११, १२ घरमै स्व अध्ययन गरेर परीक्षा दिए, त्यसपछि मैले पढाइ छोडे, त्यसमाथि पढ्ने चाहना छ तर परीक्षालगायतका विभिन्न काममा क्याम्पस जान आउन कठिन छ ।"









जोशीपुर ६ लोखरीका टीकाराम डगौरा २१ वर्षको हुनुभयो । टीकाराम वीरेन्द्र विद्या मन्दिर मावि टीकापुरमा कक्षा ११ मा अध्ययनरत हुनुहुन्छ । उहाँ भाइसँग टीकापुरमा डेरा भाडामा बसेर पढिरहनु भएको छ । जन्मजात नै तल्लो शरीर नचल्ने समस्या भएका टीकारामले धेरै काम आफैंले गर्नुहुन्छ । टीकारामलाई पनि एकमात्र भएको ह्विलचेयर बिग्रदा मर्मत गर्न, विद्यालय नियमित जान भने समस्या हुन्छ । "संस्थाको सहयोगमा वडा कार्यालयले सहायता सामग्री दिएको हो, यो समय समयमा बिग्रन्छ, यो बिग्रिएमा मलाई विद्यालय जान समस्या हुन्छ", उहाँले भन्नुभयो, "विद्यालय जाँदा बाटो धेरै अप्ठ्यारो छ । साथीहरूले सहयोग गरेमा मात्र विद्यालयसम्म पुग्न सकिन्छ ।"

अपाङ्गता भएका बालबालिका स्याहार्न अभिभावकलाई कठिन छ । विभिन्न सङ्घसंस्थाको सहयोगमा स्थानीय पालिकाहरूले उपलब्ध गराएका सहायता सामग्रीले अभिभावक र अपाङ्गता भएकालाई केही राहत भने हुने गरेको छ । कैलालीका स्थानीय पालिकाले सङ्घसंस्थाको सहयोगमा अपाङ्गता भएकालाई सहायता सामग्री वितरण गर्दै आएका छन् । सहायता सामग्री धेरै नटिक्ने र लामो समयसम्म प्रयोग गर्दा बिग्रिएमा मर्मत गर्न भने समस्या हुने गरेको छ ।

टीकापुर नगरपालिकामा एक हजार १९९ जनाले अपाङ्गता परिचयपत्र बनाएका छन् । अपाङ्गता भएकालाई चार वर्गमा विभाजन गरेर परिचयपत्र उपलब्ध गराउने गरेको छ । जसमा क र ख वर्गको परिचयपत्र भएकाले सामाजिक सुरक्षा भत्ता पाउने गरेका छन् । पालिकामा क वर्गका १२८, ख वर्गका ५८५, ग वर्गका २९२, घ वर्गका १९४ जना नागरिक छन् । पालिकाले २०७६ सालबाट अपाङ्गता परिचय पत्र वितरण थालेको हो ।

पालिकाले अपाङ्गता भएका सहायता सामग्री आवश्यक भएका नागरिकका लागि सङ्घसंस्थासँग समन्वय गरेर उपलब्ध गराउने गरेको छ । पालिकाले यसै वर्ष २५ वर्षमुनिका २९ जना विद्यालय जाने बालबालिकालाई सहायता सामग्री वितरण गरेको महिला बालबालिका तथा समाजकल्याण शाखा प्रमुख सङ्गीता शाह बताउनुहुन्छ । "पालिकाले थप आवश्यक नागरिकलाई पनि सहायता सामग्री वितरणको तयारी गरेको छ", उहाँ भन्नुहुन्छ, "सहायता सामग्री बाटोघाटोका कारण चाँडै बिग्रने समस्या भइरहन्छ । बिग्रिएमा मर्मतको समस्या भएकाले सामग्री धेरै समय टिकाउन हुने समस्या छ ।"

उहाँका अनुसार अपाङ्गता भएका बालबालिकामा बालिकाहरू स्याहारमा बढी समस्या रहेको छ । बालिकालाई स्याहारमा परिवारलाई पनि कठिन हुने, छोरीहरूको सुरक्षामा समेत चुनौती रहेको छ ।

अधिकारकर्मी निर्मला कडायत समाजमा अपाङ्गताबारे सही बुझाइ नहुँदा अभिभावक र बालबालिकाले अपमान झेलिरहेको, हेला गर्ने कार्य रोक्नुपर्ने बताउनुहुन्छ । "सरकारले बालबालिकाको अवस्थाअनुसार सुविधा, उपचारका विकल्पहरू दिनुपर्छ ।रासस

# राजवंशी समुदायमा 'सिरुवा पर्व'को उल्लास

झापा । पूर्वी नेपालका आदिवासी राजवंशी समुदायले मनाउने सबैभन्दा ठूलो चाड 'सिरुवा पावनी' मंगलबारदेखि सुरु भएको छ । हरेक वर्षको वैशाख १, २ र ३ गते सिरुवा पावनी मनाउने प्रचलन छ ।



राजवंशीसँगै ताजपुरिया र गनगाई समुदायले समेत मनाउने यस पर्वको आज पहिलो दिनलाई जल सिरुवा, दोस्रो दिनलाई कादो सिरुवा र अन्तिम दिनलाई रङ सिरुवा भनिने गौरीगञ्जका आत्माराम राजवंशीले बताउनुभयो । उहाँका अनुसार जल सिरुवामा एकले अर्कोलाई पानी छ्याप्ने, कादो सिरुवामा हिलो छ्याप्ने र रङ सिरुवामा अबिर दलेर शुभकामना तथा आपसी सद्भाव व्यक्त गर्ने प्रचलन रहिआएको छ ।

पहिलो दिन पानी सिरुवामा महिलाहरूले सात प्रकारका हरियो सब्जी पकाउने चलन छ । यसलाई 'सात सागी' भनिन्छ । त्यसरी पकाएको सब्जीलाई राखेर भोलिपल्ट कादो सिरुवाका दिन पन्ता भातसँग खाने चलन छ । सात सागीसँगै अठिया केराको सेवन पनि गर्ने चलन छ । औषधीय गुण भएको यो केराको गुदीमा दानाको मात्रा धेरै हुन्छ । झाडा पखाला र पेटको जलन हुँदा आरामका लागि यसको सेवन गरिँदै आएको छ ।

सिरुवा पावनीमा नयाँ वर्षभरि कसैलाई रोगव्याधि नलागोस् भनेर कामना गरिन्छ । सार्वजनिक स्थानमा घाटोसरी बनाउने र घाटोसरी भजन गाउने विशेष प्रचलन छ । सिरुवा पर्व सद्भाव साटासाट गर्ने पर्व हो । यसमा ग्रामथान र नदी गएर पूजापाठ गर्ने, मौलिक परिकार खाने र संस्कृति झल्किने विविध कार्यक्रम गरिन्छ ।

मौलिक भाषा, भेषभुषा र संस्कृति रहेको यस समुदायको मुख्य बसोबास झापा, मोरङ र सुनसरीमा रहेको छ । २०७८ को जनगणनाअनुसार राजवंशीको कूल जनसङ्ख्या एक लाख ३२ हजार ५६४ छ । रासस

# लागुऔषधसहित पक्राउ



काठमाण्डु । काठमाण्डु उपत्यकाका विभिन्न स्थानबाट अवैध लागुऔषधसहित १० जनालाई पक्राउ गरेको छ ।

प्रहरीको उनीहरूको साथबाट खैरो हेरोइन २२४ ग्राम र अफिम ५२ ग्रामसहित १० जनालाई लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरीले विभिन्न मितिमा पक्राउ गरेको छ ।

सो ब्युरोबाट खटिएको प्रहरीले झापा गौरीगञ्ज गाउँपालिका-३ घर भएका २४ वर्षीय सुरज दाहाल, रामेछाप लिखु तामाकोसी गाउँपालिका-६ घर भएका २६ वर्षीय ईश्वर खत्री र काठमाडौं महानगरपालिका ३० घर भएका ४५ वर्षीय अर्विन प्रधानलाई खैरो हेरोइन ३१ ग्राम ८०० मिलिग्रामसहित पक्राउ गरेको हो ।

यसैगरी, दोलखा शैलुङ गाउँपालिका-२ घर भएका ३६ वर्षीय सुकमान तामाङ, काभ्रे नमोबुद्ध नगरपालिका-२ घर भएका २९ वर्षीय पवन लामा, कास्की घर भएका ४८ वर्षीय रोहितबहादुर राना र पर्सा ठोरी गाउँपालिका-४ घर भएका ३५ वर्षीय विशाल विकलाई खैरो हेरोइन ९८ ग्राम ७६० मिलिग्रामसहित पक्राउ गरेको हो ।

यसैगरी, काठमाडौं, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको आगमन टनेल गेटबाट अवैध लागुऔषध गाँजा जस्तो देखिने पदार्थ करिब दुई किलो ९६० ग्रामसहित एक भारतीय नागरिकलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

श्रीलङ्कन एयरलाइन्सको उडानद्वारा कोलम्बोबाट काठमाडौं आएका उनलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थाल सुरक्षा कार्यालय र लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरीले उक्त पदार्थसहित पक्राउ गरेको हो । रासस

# नेपालका चाडपर्व विज्ञान र प्रकृतिसम्मत छः संस्कृतिविद् गुरुङ

काठमाण्डु । संस्कृतिविद् डा जगमान गुरुङले नेपालका चाडपर्व, रीतितिथि तथा संस्कृति विज्ञान र प्रकृतिसम्मत भएको बताउनुभएको छ ।


नयाँ वर्ष २०८३ का सन्दर्भमा नेपालको मौलिक संस्कृति, परम्परा, प्रकृति र समाजको अन्तरसम्बन्धका विषयमा राससका प्रकाश सिलवालसँगको संवादमा प्राज्ञ गुरुङले विक्रम संवत् विक्रमादित्यभन्दा पुरानो समयदेखि चलेको बताउँदै यी संवत् र परम्पराहरू विज्ञानसम्मत भएको तर्क गर्नुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति समेत रहनुभएका गुरुङले नयाँ वर्षलाई उत्साह, नयाँ उमङ्ग र नयाँ सुरुआतका रूपमा पनि लिने गरिने उल्लेख गर्नुभयो । वसन्त ऋतुको समय भएकाले बिरुवा उम्रने र पालुवाहरू पलाउने समय पनि भएकाले प्रकृतिले पनि नयाँपन पाउने सुन्दर समय भएको उहाँले बताउनुभयो ।

"सबैभन्दा पुरानो संवत्का रूपमा विक्रम संवत् स्थापित छ । आज सूर्यले मीन राशिको भोग समाप्त गरी पृथ्वीको उत्तरी गोलार्धमा पुगेर मेष राशिबाट भोग सुरु गर्ने दिन तथा वैशाख सङ्क्रान्तिअर्थात् मेष सङ्क्रान्ति पनि हो ।

सूर्यको गतिसँग चल्ने भएकाले विक्रम संवत् शाश्वत संवत् हो । सूर्य मेष राशिमा प्रवेश गरी मीन राशिमा पुगेर छोड्दा यो संवत्को पुरानो वर्ष सकिएर नयाँ वर्ष लाग्ने भएकाले यो वैज्ञानिकतामा आधारित छ", डा गुरुङले भन्नुभयो ।

डा गुरुङसँगको संवाद राससको भिडियो सेवाबाट उपलब्ध हुनेछ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

## जुडशीतलको शीतलताले सबैलाई छोओस्

मिथिलामा मनाइने पावन पर्व जुडशीतलमा मिथिलावासीहरु जुटेका छन् । जुडशीतल पर्वको कयौं विशेषता छ। तर प्रमुख विशेषता भनेको मानव लगायत सबै जीवमा शीतलता अर्थात हिंसा, द्वन्द्व, अभद्रता लगायतका तामसी कार्यहरुबाट छुटकारा हो । वैशाखदेखि प्रचण्ड गर्मी प्रारम्भ हुने भएकाले परिवारका अभिभावकहरुले आफ्ना सन्तान सहित टोल, छिमेकका आफूभन्दा कनिष्टहरुको टाउकोमा जल राखेर शीतलताको आशीष दिने गर्छन् । मिथिलाको यो अत्यन्त पुरानो लोकपर्व हो । जुडशीतलमा गाईवस्तु, बोटबिरुवा लगायतलाई पनि जुराउने गरिन्छ। मानव लगायत पृथ्वीमा रहेका सबै जीवजन्तु, बोटबिरुवा जलले शीतल भइरहोस् भने कामना गरिन्छ। जुडशीतलको अर्को पनि एउटा रीति रहेको छ। त्यो हो खासमा चुल्होमा आगो नबाल्नु हो । जुडशीतलको पूर्व सन्ध्या अर्थात वैशाख १ गतेको बेलुका नै जुडशीतलको लागि आवश्यक सामग्री बनाइने गरिन्छ। जुडशीतलको दिन बिहान चुल्होलाई धोइ पखाली पूजा गरिन्छ । वर्षमा एक दिन औपचारिक रुपमा नै चुल्हो नबाली शीतलताका लागि आराम दिइन्छ। यसले मिथिला क्षेत्रमा मानव मात्र नभइ सबै जीवजन्तु लगायतलाई शान्तिको सन्देश दिइन्छ। जुडशीतलमा हिलो छ्याप्ने खेल पनि खेलिन्छ। त्यो पनि शीतलतासित नै जोडिएको छ। महिला पुरुषले एक अर्कालाई हिलो लगाएर मनोरञ्जनका लागि खेल खेलिए पनि त्यसले समग्रमा शीतलताको सन्देश दिन्छ। हुन त अब गोरु नै पाइदैन। तर गोरु रहेको ठाउँमा वर्षमा जुडशीतलको दिन गोरुलाई पनि स्नान गराइन्छ। जुडशीतल दुईवटा शब्द जोडेर बनेको छ। जुडको शाब्दिक अर्थ जुराउने र शीतलको अर्थ ठण्डा हो। गर्मी महिनाको प्रारम्भमा नै जुराउँदा वर्षभरि नै तन, मन शीतल रहने जनविश्वास छ।बिक्रम सम्बतको प्रारम्भ र जुडशीतल पनि जोडिएको छ । बिक्रम सम्बतको प्रारम्भ अर्थात वैशाख १ गते र त्यहीँ दिन देखि जुडशीतलको तयारी हुन्छ। मिथिलाको बिभिन्न मिठा परिकारहरु रातीमै बनाइन्छ। रातीमै पकाएका खानेकुरा जुडशीतलको दिन खाने गरिन्छ। जुडशीतलमा खानेकुरा पनि शीतलता प्रदान गरिने किसिमको हुन्छ। त्यसले पनि शीतलता नै प्रदान गर्छ। मिथिलाको जुडशीतलको शीतलताले सम्पूर्ण नेपालीहरुलाई शितलता प्रदान गरोस्। देशमा शान्ति, सुव्यवस्था कायम होस्। सबै नेपाली परस्पर मिलेर अगाडि बढुन्। तामसी प्रवृत्तिको नाश होस्। नयाँ सरकारले देशमा विकासका नयाँ आयामहरु थप्न सफल होस्। एक अर्काप्रति सद्भाव बढोस्। सबै नेपालीको उन्नति, प्रगती होस्। ईर्ष्या, देूष, हिंसाबाट नेपाली मुक्त होउन्। सबैबीच सौहाद्रता बढोस्। पूर्वाग्रहले देशमा अशान्ति नै मच्चिनेछ। शान्तिपूर्ण ढंगले सबैको साथ, सबैको विकासको अवधारणाका साथ अगाडि बढौं। गत वर्ष नेपाल र नेपालीले अपुरणीय क्षति ब्यहोर्नु परेको थियो। त्यस्तो घटना फेरि नहोस्। सबै नेपाली शान्तिपूर्वक बाँचोस्। हाम्रो शुभकामना।

# २०८२ राजनीतिक सुनामी भूकम्प मुद्रास्फीति र नीतिगत भ्रमबाट पीडित नेपाली समाज



डा.केदार कार्की

२०८२ साल नेपालको इतिहासमा व्यापक राजनीतिक परिवर्तनको वर्षको रूपमा स्मरण गरिनेछ।सबैभन्दा महत्त्वपूर्ण मोड गत भदौमा आयो जब जेन जेड आन्दोलन सुरु भयो, जसले काठमाडौं र अन्य क्षेत्रहरूमा व्यापक विरोध प्रदर्शनहरू निम्त्यायो। प्रदर्शनहरू हिंसात्मक भए, जसको परिणामस्वरूप ७६ जनाको मृत्यु भयो र सिंहदरबार, संघीय संसद भवन, सर्वोच्च अदालत र शीतल निवास लगायत प्रमुख राज्य संरचनाहरूमा व्यापक क्षति पुग्यो। अशान्तिले राजनीतिक संकट निम्त्यायो। देशले केपी शर्मा ओली नेतृत्वको नेपाली कांग्रेस र नेकपा-एमालेको गठबन्धन सरकारलाई अपदस्थ गर्ने गर्जनशील जनरल जेड विद्रोहको साक्षी बनायो। प्रहरी दमनमा दर्जनौं युवाहरू मारिए भने अर्बौं रुपैयाँको सार्वजनिक र निजी सम्पत्ति नष्ट भयो। सुशीला कार्कीको नेतृत्वमा रहेको कामचलाउ सरकारले मार्च ५, २०२६ मा प्रतिनिधि सभा को चुनाव सफलतापूर्वक सम्पन्न गर्‍यो। चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी को शानदार विजयले स्थापित राजनीतिक दलहरूलाई कुनामा धकेल्यो।

२०८२ साल (२०२५/२६) मा नेपाली राजनीतिमा अकल्पनीय परिवर्तन देखा पर्‍यो। यस वर्ष राजनीतिको शक्ति केन्द्र नै परिवर्तन भयो। यसको मुख्य कारण सेप्टेम्बर ८ र ९, २०२५ को जेनेरेशन जेड आन्दोलन थियो। तीन दशकसम्म पालैपालो सत्ता सम्हालेको नेपाली कांग्रेस, नेकपा (एमाले) र तत्कालीन माओवादी पार्टी जेनेरेशन जेड आन्दोलनपछि असाधारण संकटमा फसेका छन्। नेकपा (माओवादी केन्द्र) ले जेनेरेशन जेड आन्दोलनपछि आफ्नो पार्टीको नाम पनि परिवर्तन गरेर नेपाली कम्युनिष्ट पार्टी (एनसीपी) मा रूपान्तरण गरेको थियो। जेनेरेशन जेड आन्दोलन पुरानो संस्थापन विरुद्ध केन्द्रित भएकोले पुराना दलहरू र उनीहरूका नेताहरू आन्दोलनको घेरामा थिए। “नेपो बेबीज“ र “नेपो किड्स“ विरुद्ध सामाजिक सञ्जालमा सुरु भएको डिजिटल विद्रोह सेप्टेम्बर ८, २०२५ को दिउँसो नयाँ बानेश्वर पुग्दासम्ममा भयानक आँधीबेहरीमा परिणत भइसकेको थियो।

जेन-जेड आन्दोलनकै कारण मार्च ५ को चुनावपछि तीन पूर्व प्रधानमन्त्रीहरू सत्ता र संसदीय राजनीतिबाट विस्थापित भएका छन्। नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवालाई विशेष दलीय सम्मेलन मार्फत आम चुनावअघि नै राष्ट्रपतिको पदबाट विस्थापित गरिएको थियो र संसदीय चुनावमा पनि भाग लिएका थिएनन्। प्रतिनिधि सभा निर्वाचनको नतिजाले सत्ता र संसदीय राजनीतिको परिदृश्यलाई पूर्ण रूपमा उल्ट्याएको छ। २०८२ सालमा पुराना दलहरू र उनीहरूका धेरै नेताहरू संसदीय राजनीतिको किनारमा धकेलिएका छन्। नयाँ प्रतिनिधि सभा नयाँ दल र युवाहरूको घर बनेको छ। यतिसम्म कि २०८२ साल राजनीतिक प्रवृत्ति परिवर्तनको हिसाबले मात्र होइन, चरित्र परिवर्तनको हिसाबले पनि उल्लेखनीय छ। नागरिकहरूले परिवर्तन खोजेका थिए, र त्यो परिवर्तन चुनाव मार्फत नै आयो। पुराना राजनीतिक शक्तिहरू बाहिरिए, र नयाँहरू उठे।धेरैले कल्पना नगरेका नयाँ युवाहरू राजनीतिमा प्रख्यात भए। यस अर्थमा, यो मतपत्र मार्फत परम्परागत शक्तिलाई विस्थापित गर्ने वास्तुकार बनेको छ। अहिले सबैतिर लोकप्रियतावादीहरू हावी छन्; नेपालमा पनि परम्परागत राजनीतिक सिद्धान्तहरूको सट्टा लोकप्रियतावाद अगाडि आएको छ। सामाजिक सञ्जालबाट सशक्त र दशकौंको भ्रष्टाचारबाट आक्रोशित - नेतृत्वविहीन पुस्ता सडकमा निस्कियो जुन दशकको परिभाषित राजनीतिक उथलपुथल बन्यो।२०८२ साललाई नेपालको राजतन्त्रपछिको युगको सबैभन्दा महत्त्वपूर्ण वर्षका रूपमा सम्भिनेछ – शहरका सडकहरूमा युवाहरूको गर्जन, ऐतिहासिक सरकारी भवनहरूलाई ध्वस्त पारेको आगोको झिल्को, हजारौं घरहरूमा शोकको मौनता, र अन्ततः राजनीतिक रूपमा जागृत नागरिकद्वारा मतदानको आशाजनक आवाजले विरामित।२०८२ साल फागुन २१ गते (मार्च ५, २०२६) सम्पन्न निर्वाचनले अर्को भूकम्पीय झट्का दियो राष्ट्रिय स्वतन्त्र पार्टी (आरएसपी) को लागि लगभग दुई तिहाइ मत र आधुनिक इतिहासमा देशको सबैभन्दा कान्छो निर्वाचित प्रधानमन्त्री र्‍यापर,संरचनात्मक इन्जिनियर, र काठमाडौंका पूर्व मेयर बालेन्द्र “बालेन“ शाह को उन्नति को रूपमा।



२०८२ (अप्रिल २०२५ - अप्रिल २०२६) ले नेपालमा चरम राजनीतिक, सामाजिक र आर्थिक उथलपुथल ल्यायो, जसलाई जलविद्युत अवधिको रूपमा परिभाषित गरिएको छ, जुन स्थापित राजनीतिक राजवंशहरूको पतन, गर्जनशील “जेन जेड“ युवा आन्दोलन र शक्ति संरचनाहरूको आधार भूत पुनर्संरचनाले चिन्हित छ। उच्चस्तरीय भ्रष्टाचार र नीतिगत असफलता विरुद्ध व्यापक विरोध पछि, केपी शर्मा ओलीको नेतृत्वमा र नेपाली कांग्रेसको समर्थनमा नेकपा-एमएलसीको नेतृत्वमा गठबन्धन सरकार गठन भयो। एक स्वस्फूर्त, युवा नेतृत्वको आन्दोलन (सेप्टेम्बर २०२५/भद्र २०८२ मा समाप्त) ले तीन दशकभन्दा बढी समयदेखि कांग्रेस र कम्युनिष्ट दलहरूको परम्परागत राजनीतिक प्रभुत्वलाई ध्वस्त पार्‍यो। पतन पछि, नयाँ चुनावहरूको निरीक्षण गर्न पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा संक्रमणकालीन सरकार गठन भयो। राष्ट्रिय स्वतन्त्र पार्टी ले मार्च ५, २०२६ (जुन २१, २०८२) मा भएको चुनावमा ठूलो जनादेश प्राप्त गर्‍यो, जसको परिणामस्वरूप यसले प्रतिनिधि सभामा १८२ सिट जित्यो, जसले राजनीतिक परिदृश्यलाई मौलिक रूपमा परिवर्तन गर्‍यो। बालेन्द्र शाह (“बालेन“) को राजनीतिक उदय र “जेन जेड“ आन्दोलनले नयाँ, गैर-परम्परागत नेतृत्व ल्यायो, जसले लामो समयदेखि राजनीतिक खेलाडीहरूलाई विस्थापित गर्‍यो।

वर्ष २०८२ लाई विश्लेषण गर्दा स्पष्ट हुन्छ– यो वर्ष अर्थतन्त्रले दुईवटा विपरीत धार बोकेको थियो। एकातिर सुधारका प्रयासहरू भएका देखिए भने अर्कोतिर सडकको आक्रोश र राजनीतिक उथलपुथलले नीति निर्माण र कार्यान्वयनलाई नै प्रभावित बनायो। विशेषगरी भदौ अन्त्यतिर भएको ‘जेनजी आन्दोलन’ ले राजनीतिक संरचनामात्र होइन, लगानी वातावरणमै गहिरो धक्का पुर्‍यायो। आन्दोलनका क्रममा सार्वजनिक संरचनासँगै निजी सम्पत्तिमा समेत क्षति पुग्नुले राज्यको स्थायित्वमाथि प्रश्न उठायो र त्यसको प्रत्यक्ष असर लगानीकर्ताको मनोबलमा देखियो।

नेपाली पात्रोअनुसार २०८२ सालको समाप्तिसँगै २०८३ सालको नयाँ अध्याय सुरु हुँदै गर्दा विगत वर्षलाई फर्केर हेर्दा यो केवल समयको परिवर्तन मात्र नभई अर्थतन्त्रका लागि गहिरो परीक्षा बनेको वर्षका रूपमा देखिन्छ। राजनीतिक अस्थिरता, आर्थिक सुस्तता, महँगीको चाप र नीतिगत अन्योलले अर्थतन्त्रलाई एकैसाथ दबाबमा राख्दा समग्र आर्थिक संरचनामा दीर्घकालीन प्रभाव पर्ने संकेत देखिएका छन्।

राजनीतिक उथलपुथलको बावजुद, अर्थतन्त्रले संरचनात्मक परिवर्तनको संकेत देखाउँछ। २०८२ मा सुरु भएको, कठोर वित्तीय सुधारहरूलाई लक्षित गर्दै “सुशासन रोडम्याप“ सुरु गरिएको थियो। नोभेम्बर २०२५ को मध्य-बिन्दुमा, उपभोक्ता मुद्रास्फीति १.११% मा उल्लेखनीय रूपमा कम रिपोर्ट गरिएको थियो, जुन अघिल्लो वर्षको तुलनामा तीव्र गिरावट हो, जसले उपभोक्ताहरूलाई राहत प्रदान गर्‍यो।

रेमिट्यान्स प्रवाह बलियो रह्यो, र विदेशी मुद्रा सञ्चिति २०२५ सम्ममा मध्यम आकारको स्वस्थ अधिशेष हुने अनुमान गरिएको छ, यद्यपि समग्र लगानी वातावरण अस्थिरताको जोखिममा रह्यो। २०८२ मा आएको भीषण बाढी लगायतका प्राकृतिक प्रकोपले पूर्वाधारमा क्षति पुर्‍यायो र कृषि उत्पादनमा बाधा पुर्‍यायो, जसले स्थानीय अस्थिरतामा योगदान पुर्‍यायो।

समग्रमा हेर्दा २०८२ साल नेपाली अर्थतन्त्रका लागि ‘स्ट्रेस टेस्ट’ जस्तै रह्यो। यसले अर्थतन्त्रको कमजोर पक्षहरू उजागर गर्‍यो–नीतिगत अस्थिरता, राजनीतिक हस्तक्षेप, लगानी वातावरणको कमजोरी र बाह्य निर्भरता। तर यसले सुधारका अवसरहरू पनि देखाएको छ–ऊर्जा आत्मनिर्भरता, आन्तरिक उत्पादन वृद्धि र संरचनात्मक सुधार।

अब २०८३ सालमा प्रवेश गर्दा मुख्य प्रश्न यही हो–के नयाँ सरकारले यी समस्याबाट पाठ सिकेर स्थायित्व र विश्वास निर्माण गर्न सक्छ? निजी क्षेत्रको मनोबल उकास्ने, पुँजीगत खर्च बढाउने र महँगी नियन्त्रण गर्ने दिशामा ठोस कदम चाल्न सके मात्र अर्थतन्त्रले गति लिन सक्छ। अन्यथा, ‘पर्ख र हेर’ को अवस्थाबाट अर्थतन्त्र बाहिर निस्कन अझै समय लाग्ने देखिन्छ।नेपाली अर्थतन्त्र अहिले मोडमा उभिएको छ–जहाँ निर्णयहरूले भविष्य निर्धारण गर्नेछ। यदि नीति, राजनीति र अर्थतन्त्रबीच समन्वय कायम गर्न सकिएन भने आगामी वर्ष पनि उतारचढावमै सीमित हुने जोखिम कायम रहनेछ। विज्ञहरूले २०८२ र २०१५ लाई संवैधानिक प्रणालीको “अपहरण“ वा परीक्षणको वर्षका रूपमा वर्णन गरे; प्रणालीगत परिवर्तनहरूलाई सम्हाल्न संवैधानिक संशोधनहरूमा गहन छलफल आवश्यक थियो।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/८३ को लागि निजी क्षेत्रको वृद्धिलाई प्रोत्साहन गर्न उपायहरू लागू गर्‍यो, जसमा पूँजी बजारको प्रवर्द्धन र व्यक्तिगत शेयर-समर्थित ऋण सीमा २५ करोड रुपैयाँसम्म बढाउनु समावेश छ। एउटा प्रमुख चुनौती भनेको राजनीतिक रूपमा जोडिएको नोकरशाहीमा हुने “शासन अराजकता“ हो, जहाँ नयाँ मन्त्रीहरूले बारम्बार सचिवहरूलाई प्रतिस्थापन गर्छन्, जसले दीर्घकालीन नीति कार्यान्वयनमा बाधा पुर्‍याउँछ। एक विवादास्पद कदममा, गठबन्धन सरकारले सत्ता हटाउने प्रयासमा २६ सामाजिक सञ्जाल प्लेटफर्महरूमा प्रतिबन्ध लगायो।

वर्षलाई “राजनीतिक पुनर्स्थापना“ वा “प्रवृत्ति बिन्दु“ मानिन्छ, जसले सुशासन र द्रुत आर्थिक वृद्धिको उद्देश्यले निर्देशित नयाँ राजनीतिक पुस्तकद्वारा निर्देशित “पुरानो राजनीति“ लाई अप्रत्याशित भविष्यले प्रतिस्थापन गर्न खोज्छ।उतारचढाव जस्तोसुकै भए पनि, यो स्पष्ट छ कि राष्ट्र अब सबै क्षेत्रमा विकासको बारेमा बढ्दो आशावाद र आसन्न परिवर्तनहरूको प्रतिज्ञाको साथ स्थिरतातर्फ अघि बढिरहेको छ।

२०८२ को अन्तिम दिन मध्यरातमा घडीले सुइँको बजाउँदै गर्दा, नेपाल ३६५ दिन अघिको भन्दा मौलिक रूपमा फरक देश बनेको छ।२०८२ साल नेपालको राजनीतिक परिदृश्यमा एक अशान्त चरणको रूपमा चिनिन्थ्यो, जुन जन अशान्ति, संस्थागत अवरोध र देशको शक्ति गतिशीलताको पुनर्संरचना गर्ने निर्णायक चुनावी परिवर्तनद्वारा परिभाषित गरिएको थियो।फागुन २१ मा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनले ठूलो राजनीतिक परिवर्तन ल्यायो। राष्ट्रिय स्वतन्त्र पार्टीले १८२ सिट जित्यो, लगभग दुई तिहाइ बहुमत प्राप्त गर्‍यो र लामो समयदेखि चलिरहेको गठबन्धन सरकारको ढाँचाको अन्त्य गर्‍यो। यो नेपालको संविधान, २०७२ को घोषणा पछि पहिलो पटक भएको थियो जहाँ एकल दलले स्पष्ट बहुमत हासिल गरेको थियो।२०८२ साल अन्ततः स्थापित राजनीतिक शक्तिहरू कमजोर भएको र बलियो जनमतसहित नयाँ राजनीतिक अभिनेताको उदय भएको अवधिको रूपमा देखा पर्‍यो। विरोध, राजनीतिक संक्रमण, चुनाव र सरकार गठनको क्रमले वर्षलाई राजनीतिक “सुनामी“ को रूपमा परिभाषित गर्‍यो, जसले नेपालको शासन मार्गलाई पुनर्निर्माण गर्‍यो। १९९० को दशकमा, राजनीतिक वर्ग र गृहयुद्धद्वारा परिभाषित “पुरानो“ नेपालीलाई यसको डिजिटल मूल निवासीहरूको नेतृत्वमा “नयाँ“ नेपालले प्रतिस्थापन गर्‍यो।

भविष्यका लागि चुनौतीहरू विशाल छन्ः भत्किएको पूर्वाधारको पुनर्निर्माण, ध्रुवीकृत समाज, युवा, अत्यन्तै परिक्षित शहरहरू, र सरकारमाथि राखिएका अपेक्षाहरूको भयानक भार।तर कुनै पुस्तामा पहिलो पटक, प्रमुख राष्ट्रिय मनोभाव निन्दक राजीनामाको होइन, तर सतर्क, माग गर्ने आशाको वर्ष हो।२०८२ साल नेपालको युवाहरूले टेबलमा बस्न माग्न छोडेको र पूर्ण रूपमा नयाँ टेबल निर्माण गर्ने निर्णय गरेको वर्ष थियो।नेपाल हाल एउटा महत्वपूर्ण मोडमा उभिएको छ, जहाँ यसले राजनीतिक अस्थिरता र आर्थिक वृद्धि बीच सन्तुलन कायम गर्नुपर्छ। हालैका आर्थिक सूचकहरूले ढिलो तर स्थिर सुधारको संकेत गरे पनि, भ्रष्टाचारको आरोप र सार्वजनिक असन्तुष्टिका कारण शासन चुनौतीहरू यथावत् छन्।हामी केवल समस्याहरूको सूची प्रस्तुत गरेर अगाडि बढ्न सक्दैनौं। यदि हामी जनतामा व्याप्त निराशा तोड्न ठोस काम गर्न सक्षम भएनौं भने, राजनीतिक उपलब्धिहरूमाथि जनताको विश्वास टुट्न सक्छ। हाम्रा सपनाहरू फेरि सपना नै रहनेछन्। २०८३ साल सुरु हुँदै गर्दा, संसारले यसको साथ के गर्नेछ भनेर हेरिरहेको छ।

# नेपालको तातोपानी पर्यटन: सम्भावना, चुनौती र विकासको नयाँ मोडेल



ई.कृष्णभक्त दुवाल

सिन्धुपाल्चोक, रसुवा, म्याग्दी, जुम्ला हुँदै गोरखासम्म फैलिएका तातोपानी कुण्डहरू नेपालका अमूल्य प्राकृतिक सम्पदामध्ये पर्दछन्। यी तातोपानीहरू केवल स्नान वा मनोरञ्जनका लागि मात्र होइनन्, धार्मिक आस्था, स्वास्थ्य लाभ र पर्यटन विकासका दृष्टिले समेत अत्यन्त महत्वपूर्ण छन्। प्राकृतिक रूपमा निस्कने तातोपानीमा स्नान गर्दा विभिन्न छाला तथा स्नायुसम्बन्धी समस्यामा राहत मिल्ने विश्वास गरिन्छ, जसले यसलाई “प्राकृतिक उपचार केन्द्र” को रूपमा समेत चिनाएको छ।

नेपालमा रहेका यस्ता तातोपानी स्रोतहरूको सही व्यवस्थापन र प्रवर्द्धन गर्न सकियो भने आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्न सक्छ। अहिले पनि धेरै ठाउँमा स्थानीय स्तरमा सामान्य संरचना बनाएर प्रयोग भइरहेका छन्, तर समग्र रूपमा हेर्दा अझै व्यवस्थित, आकर्षक र अन्तर्राष्ट्रिय स्तरको सेवा उपलब्ध गराउन सकिएको छैन।

**चीनको अनुभव: सिक्नुपर्ने पाठ**

विद्यार्थी तथा व्यवसायिक भ्रमणका क्रममा चीनका विभिन्न स्थानमा रहेका प्राकृतिक तातोपानीहरूमा बनेका आधुनिक रिसोर्टहरू अवलोकन गर्ने अवसर मिलेको अनुभव निकै प्रेरणादायी छ। त्यहाँ तातोपानी स्रोतहरूलाई केवल खुला कुण्डको रूपमा मात्र राखिएको छैन, बरु स्थानीय सरकार (हाम्रो गाउँपालिका जस्तै) र निजी पर्यटन व्यवसायीहरूको सहकार्यमा आकर्षक रिसोर्टहरू निर्माण गरिएका छन्।

ती रिसोर्टहरूमा तातोपानीका पोखरीहरू, विभिन्न तापक्रमका स्नान क्षेत्र, मनोरञ्जनका लागि वाटर किंगडम जस्ता संरचनाहरू विकास गरिएका हुन्छन्। पर्यटकहरूले एकै स्थानमा स्वास्थ्य लाभ, विश्राम र मनोरञ्जनको अनुभव लिन सक्छन्। यसबाट स्वदेशी तथा विदेशी पर्यटकबाट राम्रो आम्दानी हुने गरेको छ। साथै, स्थानीय बासिन्दाहरूका लागि रोजगारी सिर्जना हुनुका साथै स्थानीय सरकारलाई समेत राजस्व प्राप्त हुने गरेको छ।

**नेपालका लागि सम्भावित विकास मोडेल**

नेपालमा पनि यस्तै मोडेल अपनाउन सकियो भने




तातोपानी पर्यटनलाई नयाँ उचाइमा पुर्‍याउन सकिन्छ। यसका लागि निम्न पक्षहरूमा ध्यान दिन आवश्यक छः

पूर्वाधार विकासः सुरक्षित स्नान कुण्ड, रिसोर्ट, होटल, चेंजिङ रुम, स्वास्थ्य केन्द्र आदि निर्माण

सरसफाइ र व्यवस्थापनः पानीको गुणस्तर जाँच, सफा वातावरण, फोहोर व्यवस्थापन

सहज पहुँचः सडक, यातायात र संकेत प्रणाली सुधार

सार्वजनिक-निजी साझेदारी (एएए): स्थानीय सरकार र निजी क्षेत्रको संयुक्त लगानी

प्रचारप्रसारः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डिङ र मार्केटिङ

**निष्कर्ष**

नेपालका तातोपानी कुण्डहरू प्राकृतिक रूपमा अत्यन्त धनी भए पनि तिनको व्यावसायिक र पर्यटन उपयोग अझै सीमित छ। चीनजस्तो देशबाट सिकेर यदि हामीले योजनाबद्ध रूपमा तातोपानी स्रोतहरूको विकास गर्न सक्यौं भने, यसले स्वास्थ्य पर्यटन, धार्मिक पर्यटन र मनोरञ्जन पर्यटन सबैलाई सँगै अघि बढाउन सक्छ।

यसबाट एकातिर स्थानीय स्तरमा रोजगारी सिर्जना हुनेछ भने अर्कोतर्फ देशको आर्थिक विकासमा समेत महत्वपूर्ण योगदान पुग्नेछ। अब आवश्यकता छ–दृष्टिकोण परिवर्तन, योजना निर्माण र प्रभावकारी कार्यान्वयनको।

# नयाँ वर्ष साझा राष्ट्रिय लक्ष्य बनाएर प्राप्तिका लागि सङ्कल्प गर्ने दिनः राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नयाँ वर्ष हाम्रा लागि देशको साझा राष्ट्रिय लक्ष्य बनाउने र त्यसलाई प्राप्त गर्न सङ्कल्प गर्ने दिनका रूपमा रहेको बताउनुभएको छ।

नयाँ वर्ष २०८३ का अवसरमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको शुभकामना व्यक्त गर्दै उहाँले लक्ष्य त्यसै प्राप्त नहुने र लक्ष्य प्राप्त गर्न सङ्कल्प र साधना आवश्यक पर्ने धारणा राख्नुभयो । उहाँले निर्धारित लक्ष्य प्राप्तिका लागि विधि र विधानलाई आत्मसात् गर्नुका साथै सुसंस्कृत व्यवहार तथा आचरण आवश्यक पर्नेमा जोड दिनुभयो।

राष्ट्रपति पौडेलले मुलुकमा प्रचलनमा रहेका संवत्हरू हाम्रो इतिहास, सभ्यता र जीवनका महत्वपूर्ण हिस्सा भएका उल्लेख गर्दै यसले हाम्रो सभ्यता, सामाजिक जीवन र परम्पराको प्रतिनिधित्व गर्दै नेपालको गौरवमय विगतलाई सम्झाउने र उन्नत भविष्यतिर अगाडि बढ्न प्रेरित गर्ने बताउनुभयो।

"हामी नेपालीले नववर्षलाई विशेष दिन मानी विगतको समीक्षा गर्ने तथा आगामी दिनमा गरिने कार्यका लागि प्रतिज्ञा र सङ्कल्प गर्ने शुभसाइतका रूपमा लिँदै आएका छौँ", उहाँले भन्नुभयो, "विशेष पर्व र दिनमा जीवनका लक्ष्य निर्धारण गर्ने र त्यसलाई पूरा गर्न सङ्कल्पबद्ध रहने हाम्रो परम्परा रहिआएको छ।"

राष्ट्रपति पौडेलले हालै मुलुकमा प्रतिनिधिसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न भई मुलुकमा उत्पन्न विषम परिस्थितिले निकास पाएको बताउँदै जनताको नयाँ जनादेशबाट नयाँ सरकार गठन भइसकेको उल्लेख गर्नुभयो।

"यो निर्वाचनमार्फत नेपाली जनताले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा विधिको शासन, दिगो शान्ति, सुशासन, सामाजिक न्यायसहितको विकास र समृद्धिको चाहना अभिव्यक्त गरेका छन्", उहाँले भन्नुभयो, "यसका लागि हामी दृढ लक्ष्यसहित अगाडि बढ्ने सङ्कल्प गरौँ भन्ने पनि चाहेका छन्।"

हामीले प्राप्त गर्न चाहेको राष्ट्रिय लक्ष्य हासिल गर्न केही सङ्कल्प गर्नुपर्ने उल्लेख गर्दै उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आदर्शप्रति मन, वचन र कर्मले निष्ठ रहने सङ्कल्प गर्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रपति पौडेलले नागरिकलाई केन्द्रमा राखेर अगाडि बढ्नुपर्ने, सुशासनप्रति प्रतिबद्ध रहनुपर्ने, समावेशीकरण र सामाजिक न्यायप्रति प्रतिबद्ध हुनुपर्ने तथा जस्तोसुकै परिस्थितिमा पनि देशको स्वाधीनता र सार्वभौमिकतालाई झुक्न नदिने गरी काम गर्नुपर्ने उल्लेख गर्नुभयो।

राष्ट्रपति पौडेलले नयाँ वर्षले सङ्घीय लोकतान्त्रिक गणतन्त्रले राखेको लक्ष्य पूरा गर्ने सङ्कल्प र सामर्थ्य पैदा गरोस् र नेपालीका बीचमा परस्पर विश्वास, सद्भाव, सहिष्णुता र सहयोगको भावनालाई प्रगाढ बनाउँदै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन प्रेरित गरोस् भन्ने कामना गर्नुभएको छ। रासस

# कांग्रेसको क्रियाशील सदस्यता अद्यावधिक गर्ने 'जरा अभियान' शुरु

"जिम्मेवार साथीहरु कुरा बुझ्नुभएको छैन भने पार्टीको केन्द्रीय कार्यालय आई दिनुहोला, बाहिर कुरा काट्ने, हाम्रो क्रियाशील सदस्यता खाइदियो भनेर अनावश्यक ढङ्गले कोलाहल मच्चाइदिने काम नगर्नुहोला", उहाँले भन्नुभयो ।




काठमाण्डु । नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक गर्ने 'जरा अभियान' आजदेखि सुरु गरेको छ। पार्टीका सभापति गगनकुमार थापाले काठमाडौँ महानगरपालिका-३० मा आफ्नो सदस्यता अद्यावधिक गर्दै अभियानको शुभारम्भ गर्नुभएको हो। अभियानको सुरुआत गर्दै उहाँले सक्नेले यस अभियानमा सहयोग गर्न र नसक्नेले असहयोग नगर्न आग्रह गर्नुभएको छ।

"मैले पार्टी सभापतिका रूपमा भर्नें, एउटा सोचका साथ म आएको छु, यो काम सम्पन्न गर्ने हो, सक्नेले मलाई सहयोग गर्नुहोला, नसक्नेले कृपया मलाई असहज अवस्था सृजना नगरिदिनुहोला । कोही साथीहरू विशेष कारणले गर्दा आफ्नो ठाउँमा जान नसक्ने हुनुहोला, कोही नेपालबाहिर हुनुहुन्छ होला, कोही अशक्त हुनुहुन्छ, पार्टीले यो परिस्थिति बुझेको छ, त्यस्ता साथीहरूका लागि हामी विशेष व्यवस्था गर्छौं", सभापति थापाले भन्नुभयो । क्रियाशील सदस्यताका सम्पूर्ण विषयका लागि 'डिजिटलाइज' गरिएको जानकारी दिँदै उहाँले सदस्यता अद्यावधिकरणका काममा सम्पूर्ण साथीहरूको सहयोग आवश्यक पर्ने बताउनुभयो।

सभापति थापाले पार्टीका जिम्मेवार व्यक्तिहरूले नबुझेका विषयका बारेमा पार्टी कार्यालय आएर महामन्त्रीसँग बुझ्न आग्रह गर्दै बाहिर अनावश्यक चर्चा नगर्न आग्रह गर्नुभयो। "जिम्मेवार साथीहरू कुरा बुझ्नुभएको छैन भने पार्टीको केन्द्रीय कार्यालय आई दिनुहोला, बाहिर कुरा काट्ने, हाम्रो क्रियाशील सदस्यता खाइदियो भनेर अनावश्यक ढङ्गले कोलाहल मच्चाइदिने काम नगर्नुहोला", उहाँले भन्नुभयो।

क्रियाशील सदस्यता अद्यावधिक गर्ने र पार्टीलाई पुनःसंगठित गर्ने यस अभियानलाई कांग्रेसले जरा अभियानका रूपमा घोषणा गरेको छ । सङ्गठनलाई व्यवस्थित, सुदृढ र अद्यावधिक बनाउने उद्देश्यले सुरु गरिएको जरा अभियान वैशाख मसान्तसम्म सञ्चालन हुने सभापति थापाले जानकारी दिनुभयो।

यस अभियानअन्तर्गत देशभरका क्रियाशील सदस्यहरूलाई समयमै सदस्यता नवीकरण तथा अद्यावधिक गर्न पार्टी सभापति थापाले आग्रह गर्नुभएको छ। पार्टीको सदस्यता अद्यावधिक गर्न आफ्नो वडामा आफैँ जानुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ।

विगतमा अरूले नै सदस्यता नवीकरण गरिदिने प्रवृत्तिका कारण सदस्यहरू सक्रिय र जिम्मेवार नभएकाले आफ्नो सदस्यता नवीकरण आफ्नो ठाउँमै गएर गर्नुपर्ने व्यवस्था गर्न लागेको कांग्रेस पार्टी सभापति थापाले जानकारी दिनुभयो। पार्टीले यसलाई सङ्गठन सुदृढीकरण र अनुशासन मजबुत बनाउने महत्वपूर्ण कदमका रूपमा लिएको जनाएको छ।

'एकमहिने जरामा जाऊँ अभियान' मार्फत कांग्रेसले डिजिटल 'कांग्रेस आइडी' अनिवार्य गर्ने, क्रियाशील सदस्यता वडामै अद्यावधिक गर्ने, नयाँ सदस्यता वितरण गर्ने र नागरिक संवाद गर्ने लक्ष्य राखेको छ । कांग्रेसले पुराना क्रियाशील सदस्यहरूको सदस्यता अद्यावधिकका लागि फारम भर्नुपर्ने, फोटो खिच्नु पर्ने प्रावधान लागू गर्ने तयारी गरेको छ । सबै क्रियाशील सदस्यहरूको वयक्तिक विवरण सङ्कलनका लागि कांग्रेसले सदस्यता अद्यावधिकका क्रममा फारम भर्ने, फोटो खिच्ने अनिवार्य प्रावधान गर्न लागेको हो।

कांग्रेसले नयाँ सदस्यता वितरणमा विधानको व्यवस्था प्रभावकारी ढङ्गले लागू गर्ने, नयाँ सदस्यता 'अनलाइन' माध्यमबाट खोल्ने, नयाँ व्यक्ति सदस्य बन्नका लागि सजिलो प्रावधानहरू राख्ने आन्तरिक तयारी गरेको छ। कांग्रेसले उक्त अभियानका क्रममा क्रियाशील सदस्यता अद्यावधिक गर्न जाँदा ' ओटिपी' नम्बर अनिवार्य लिन र अनिवार्य फोटो खिचाउन सबैमा आग्रह गरेको छ। रासस

# नयाँ वर्षले सबैमा नयाँ ऊर्जा, आशा र उत्साह सञ्चार गरोस्: पूर्वराष्ट्रपति भण्डारी



काठमाण्डु। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नयाँ वर्षले सबैमा नयाँ ऊर्जा, आशा र उत्साह सञ्चार गरोस् भन्ने कामना व्यक्त गर्नुभएको छ।


नयाँ वर्ष २०८३ को आज शुभकामना सन्देश दिँदै उहाँले नयाँ वर्षले विगतका कतिपय असमझदारी, निराशा र अवरोधहरूलाई चिर्दै व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय जीवनलाई समुन्नत बनाउने दिशामा अघि बढ्न प्रेरणाको कामना गर्नुभएको छ।

पूर्वराष्ट्रपति भण्डारीले नयाँ पुस्ताको सक्रिय सहभागिता, नवीन सोच र प्रविधिको प्रभावकारी प्रयोगमार्फत पार्टीलाई समयानुकूल रूपान्तरण गर्नु पनि अहिलेको आवश्यकता रहेको बताउनु भएको छ। उहाँले समर्पण, व्यापक एकता र सकारात्मक सोचका साथ पुनः जनताको विश्वास जित्ने दृढ सङ्कल्पसहित अघि बढ्न सबैमा आह्वानसमेत गर्नुभएको छ।

सन्देशमा उहाँले हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामले देशको राजनीतिक परिदृश्यमा ठूलो फेरबदल ल्याएको उल्लेख गर्नुभएको छ। पूर्वराष्ट्रपति भण्डारीले जनताको भावना, अपेक्षा र असन्तुष्टिलाई गम्भीरतापूर्वक आत्मसात् गर्दै जनमुखी कार्यक्रम एवं कार्यशैलीलाई प्राथमिकतामा राख्नु अहिलेको आवश्यकता रहेको सन्देशमा उल्लेख गर्नुभएको छ। रासस

# नयाँ वर्ष नौलो कामको थालनीका लागि नवसङ्कल्प गर्ने अवसरः उपराष्ट्रपति

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले नयाँ वर्षलाई केही नौलो कामको थालनी, सकारात्मक सोचको विकास, भ्रातृत्व भाव र स्वस्थ जीवनशैलीका लागि नवसङ्कल्प लिने अवसरका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ।



नयाँ वर्ष २०८३ को उपलक्ष्यमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै उहाँले नववर्षले व्यक्तिगत जीवनमा अनुशासन, स्थिरता र सकारात्मकता ल्याउने उल्लेख गर्नुभयो । उहाँले नयाँ वर्षले सामाजिक र सांस्कृतिकस्तरमा अपनत्व, सहिष्णुता र भाइचारालाई मजबुत बनाउने अवसर पनि प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

उपराष्ट्रपति यादवले यस अवसरमा आर्थिक उन्नयन, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण तथा जलवायु परिवर्तनजस्ता विषयमा एकजुट भई अघि बढ्ने दृढ सङ्कल्प लिन जरुरी रहेको उल्लेख गर्नुभयो। उहाँले संविधानले निर्दिष्ट गरेका समानुपातिक प्रतिनिधित्व, सुशासन र समाजवादप्रति प्रतिबद्धता सुदृढ गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझ सबल बनाउन नयाँ वर्षले सबैलाई उत्प्रेरित गर्न सकोस् भनी कामना गर्नुभयो।

उहाँले नववर्षको शुभारम्भसँगै तराई-मधेसका केही क्षेत्र विशेषमा मनाइने 'सतुवाइन' 'जुड्शीतल' र 'सिरुवा पावनी' पर्व तथा काठमाडौँ उपत्यकामा आयोजना हुने 'विस्काजात्रा' (विश्वध्वजपातन) को पनि सबै नेपालीमा शुभकामना व्यक्त गर्नुभएको छ । यी पर्व/जात्राले आपसी मेलमिलाप, सद्भाव र भाइचारा अभिव्यक्त गर्न सघाउने र यसले सांस्कृतिक विविधता र ऐतिहासिक परम्पराको गौरवलाई पनि उजागर गर्ने उहाँको भनाइ छ।

" ह ा म ् ा पर्व/जात्रा/विशेष अवसरले नेपालको मौलिक पहिचानलाई थप बलियो बनाउँदै सामाजिक समरसता र राष्ट्रिय एकतालाई जीवन्त राख्ने कार्यमा योगदान पुर्‍याउँछन्", उपराष्ट्रपति यादवले भन्नुभयो, "सिरुवा पावनीमा परिवारजनबीचको आत्मीयता र विस्का जात्रामा समुदायगत सहभागिताले हाम्रो सांस्कृतिक विरासतलाई पिँढीदर पिँढी जीवित राख्न सघाउँछ।" रासस

# सबैको जीवनमा सुख, आरोग्य र कल्याण छाओस् : प्रधानमन्त्री बालेन

**टुडे समाचारदाता**



काठमाण्डु। प्रधानमन्त्री बालेन शाहले नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गरेका छन्। नयाँ वर्षको पहिलो दिन सामाजिक सञ्जालमार्फत शुभकामना दिँदै उनले सबैको कल्याण र सुस्वास्थ्यको कामना गरेका हुन्।

प्रधानमन्त्री शाहले संस्कृतको प्रसिद्ध श्लोक 'सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः' उल्लेख गर्दै संसारका समस्त प्राणीको हित र सुखको प्रार्थना गरेका छन् । उनले आफ्नो सन्देशमा भनेका छन्, 'हामी सबैको जीवनमा सुख, आरोग्य र कल्याण छाओस्। सदैव शुभ होस्, निर्विघ्नता रहोस् र दुःखको हरण होस्।'

नयाँ वर्ष २०८३ को शुभारम्भको पावन अवसरमा उनले कसैलाई पनि दुःख नपरोस् र सबैले शुभ कुराहरू मात्र देख्न र भोग्न पाउन भन्ने भावना व्यक्त गरेका छन्। शाहले देश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूको सुखद भविष्यका लागि मंगलमय शुभेच्छा प्रकट गरेका छन् ।

# 'युवाहरूको प्रत्यक्ष हस्तक्षेपबाट नेपालमा राजनीतिक परिवर्तन सम्भव भयो'

**टुडे समाचारदाता**




जनकपुरधाम। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले गत सेप्टेम्बरमा भएको शक्तिशाली जेनजी आन्दोलनले दुई ठुला दलहरूको गठबन्धन सरकार ढालेको बताएका छन् ।

भारतको राजधानी नयाँ दिल्लीमा आईटीएम युनिभर्सिटीद्वारा आयोजित डा. राममनोहर लोहिया स्मृति व्याख्यान कार्यक्रममा सम्बोधन गर्दै नेपालमा देखिएको जेनजी आन्दोलनलाई नयाँ राजनीतिक युगको सुरुआत भएको बता।

राममनोहर लोहियाको चर्चित भनाइ जिन्दा कौमें ५ साल नहीं इंतजार करती स्मरण गर्दै उनले भने, 'नेपालमा गत सेप्टेम्बरमा हामीले जेनजीको शक्तिशाली विरोध प्रदर्शन देख्यौं, जसले दुई ठुला दलहरूको गठबन्धन सरकारलाई ढालेरै छाड्यो। एक सचेत र जीवित नागरिक समाजले अर्को चुनावका लागि पाँच वर्ष कुरेर बस्दैन।'

नेपाली युवाहरूले भ्रष्टाचार, कुशासन र बढ्दो आर्थिक असमानताविरुद्ध सशक्त रूपमा आवाज उठाएको बताए । युवाहरूको प्रत्यक्ष हस्तक्षेपमार्फत राजनीतिक परिवर्तन सम्भव उनको भनाइ छ।

३५ वर्षीय बालेन शाहको नेतृत्वमा नयाँ सरकार गठन हुनु र २६ वर्षीया रुबीकुमारी ठाकुर संसद्को उपसभामुखमा निर्वाचित हुनु जेनजीको उदयका महत्त्वपूर्ण उदाहरण भएको बताए।

सन् २०१५ मा धर्मनिरपेक्ष, सङ्घीय लोकतान्त्रिक संविधान जारी भएपछि नेपाल एउटा नयाँ चरणमा प्रवेश गरेको स्मरण गर्दै परम्परागत कांग्रेस र कम्युनिस्ट शक्तिभन्दा माथि उठेर नयाँ वैकल्पिक राजनीतिक शक्ति निर्माणको आवश्यकताको विषय आफूले उठाउँदै आएको बताए।

समयक्रमसँगै नेपाली समाजका अन्तर्विरोध जेनजी आन्दोलनका रूपमा विस्फोट भएकाले युवाहरूको नेतृत्वमा नयाँ राजनीतिक शक्ति सत्तामा आएको बताए।

उनले आज व्यापक द्वन्द्व र उच्च भूराजनीतिक तनावका बीच मध्यपूर्वमा शृंखलाबद्ध रूपमा तनाव बढिरहेको भन्दै एकताबद्ध भएर कदम चाल्न आवश्यक रहेको समेत बताए।

# खेल प्रशासनमा राजनीतिक नियुक्ति खारेज गर्ने सरकारको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले खेल प्रशासनमा हुने राजनीतिक नियुक्ति खारेज गर्ने घोषणा गरेको छ । मंगलबार सरकारले सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धतापत्र मार्फत यस्तो घोषणा गरेको हो । सरकारले देशको समग्र विकास र समृद्धिको आधारका रूपमा खेलकुद क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको छ।

प्रतिबद्धतापत्रमा खेलकुदलाई राष्ट्रिय एकता, मानव विकास, राष्ट्रिय गौरव र आर्थिक समृद्धिको मेरुदण्डका रूपमा विकास गर्ने परिकल्पना गरिएको छ।

खेल प्रशासनमा भइरहेका राजनीतिक नियुक्तिको अन्त्य गरी पेसागत नेतृत्व र पारदर्शी बजेट व्यवस्था लागू गर्ने घोषणा गरेको छ। खेलकुदको बजेट व्यवस्थापनलाई थप पारदर्शी बनाइनेछ, जसले स्रोतको दुरुपयोग रोकी वास्तविक खेलाडी र खेल पूर्वाधारमा लगानी सुनिश्चित गर्ने जनाएको छ।

सरकारले खेलकुदलाई मनोरञ्जनको साधनका रूपमा मात्र नभई राष्ट्रिय पहिचान, स्वास्थ्य र आर्थिक उन्नतिको आधारका रूपमा लिएको जनाएको छ ।



सरकारको प्रतिबद्धताले खेलकुदलाई राज्यको प्राथमिकतामा राख्दै यसको विकासका लागि ठोस कदम चाल्ने प्रतिबद्धता जनाएको छ।

प्रतिबद्धतापत्रमा अधुरा रङ्गशालाहरूको समयमै निर्माण सम्पन्न गर्ने र सातै प्रदेशमा अत्याधुनिक तथा पूर्ण पहुँचयुक्त खेल पूर्वाधारहरू निर्माण गर्ने उल्लेख छो देशभित्रै खेल गतिविधि विस्तार गर्न र खेलाडीहरूलाई आवश्यक सुविधा उपलब्ध गराउन मद्दत पुग्नेछ।

त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अपग्रेड गरिने र नेपाललाई दक्षिण एसियाको खेलकुद हबका रूपमा स्थापित गरिने लक्ष्य पनि राखेको छ।

खेलाडी उत्पादनको आधारभूत तहलाई बलियो बनाउन विद्यालयस्तरदेखि नै प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने भएको छ। स्कुल स्पोर्टसलाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइने बताएको छ। यसले सानै उमेरदेखि खेलाडीहरूको क्षमता विकासमा सहयोग पुग्ने सरकारको अपेक्षा छ।

नेपालको भौगोलिक विविधतालाई मध्यनजर गर्दै साहसिक खेल र अल्ट्रा म्याराथन जस्ता मौलिक सम्भावनाहरूलाई राष्ट्रिय गौरवका रूपमा प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाएको छ । निजी लगानीलाई प्रोत्साहन गरी नेपाललाई साहसिक खेलको गन्तव्यका रूपमा विकास गरिनेछ। यसले खेल पर्यटनलाई पनि टेवा पुऱ्याउने विश्वास सरकारको छ।

द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय खेलकुदका आयोजना गरी खेल पर्यटनको प्रवर्द्धन गरिनेछ । खेलकुदलाई 'सफ्टपावर' को रूपमा प्रयोग गर्दै नेपाललाई क्षेत्रीय र अन्तर्राष्ट्रिय आयोजनास्थलका रूपमा स्थापित गरिनेछ । क्रिकेट कूटनीति मार्फत नेपालको अन्तर्राष्ट्रिय छवि सुधार र कूटनीतिक सम्बन्ध विस्तार गरिनेछ।

खेलकुदलाई पेसाको रूपमा विकास गरिनेछ। विद्यालयस्तर, प्रदेशस्तर र राष्ट्रियस्तरमा आवधिक रूपमा खेल प्रतियोगिता सञ्चालन गरी उत्कृष्ट खेलाडी उत्पादन गर्ने प्रतिबद्धता जनाएको छ । खेलाडी र उनीहरूको प्रशिक्षणलाई उच्च प्राथमिकता दिँदै खेलकुद प्रशिक्षणलाई वैज्ञानिक, प्राविधिक तथा परिणाममुखी बनाइनेछ ।रासस

# 'नयाँ वर्ष उन्नति र प्रगतिका लागि विशेष वर्ष बनोस्'



काठमाण्डु । मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले आगामी नयाँ वर्ष भ्रष्टाचार निवारण, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा तदारुकता र समृद्धिका लागि आधार वर्षका रूपमा रहने विश्वास व्यक्त गर्नुभएको छ। नयाँवर्ष २०८३ को उपलक्ष्यमा दिनुभएको सन्देशमा उहाँले आमनेपालीको उन्नति र प्रगतिका लागि नयाँ वर्ष विशेष वर्षका रूपमा स्थापित हुन सकोस् भनी कामना गर्नुभएको छ।

नेपाली राजनीतिक इतिहासमा प्रजातन्त्र र जनअधिकारका लागि पटकपटक क्रान्ति र आन्दोलन भएको स्मरण गराउँदै पूर्वअध्यक्ष रेग्मीले भन्नुभयो, "भ्रष्टाचार निवारण र सुशासनको विषय प्रतिबद्धतामा रह्यो, व्यवहारमा सार्थक भएन।"

जेनजी आन्दोलनले दिएको मुख्य दिशानिर्देश भ्रष्टाचार निवारण र सुशासन भएको बताउँदै उहाँले आन्दोलनकारीको बलिदानपूर्ण अमूल्य रगतको मर्म र भावनाअनुरूप अघि बढ्नु नेपाली मात्रको कर्तव्य र दायित्व भएको स्पष्ट पार्नुभयो।

पूर्वप्रधानन्यायाधीशसमेत रहनुभएका रेग्मीले भन्नुभयो, "सरकारको कार्यशैली सकारात्मक दिशातिर उन्मुख छ । सुशासन भनेको विधिको शासन हो । नववर्षले सबैमा नयाँ उत्साह र उमङ्ग ल्याओस् । यस वर्ष राष्ट्र निर्माण र समस्त नेपालीको उन्नति एवं प्रगति होओस् भन्ने शुभकामना व्यक्त गर्दछु।" रासस

# भारी वर्षा र बाढीका कारण दुई सय अफगानको मृत्यु

रासस/सिन्हवा। अफगानिस्तानमा विगत १८ दिनमा आएको भारी वर्षा र बाढीका कारण करिब २०० जनाको मृत्यु भएको अफगानीस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ता हाफिज मोहम्मद युसुफ हम्मादले बताउनु भएको छ।




भारी वर्षासँगै आएको आँधीबेहरी बाढीले पाकिस्तानमा १८९ जनाको ज्यान लिएको नौ बेपत्ता रहेको र २५३ जना घाइते भएको अफगानिस्तानका सञ्चर माध्यामहरुले प्रवक्ता हम्मादलाई उद्धृत गर्दै जनाएका छन्।

अधिकारीका अनुसार आँधीबेहरी र बाढीका कारण कुल अफगानीस्तानमा एक हजार ३०३ घरहरू पूर्ण क्षतिग्रस्त भएका छन् भने पाँच हजार ८०० भन्दा बढी घरहरू आंशिक रूपमा क्षतिग्रस्त भएका छन्।

अफगानिस्तानका विभिन्न भागहरूमा मार्च-२५ देखि भारी वर्षा, शक्तिशाली हावा र आकस्मिक बाढी आएको छ भने मौसम विभागले देशको १४ प्रान्तमा मङ्गलबार थप वर्षाको पूर्वानुमान गरेको छ।

# कर धम्कीमा चीनको कडा चेतावनी



रासस/एएफपी। अमेरिका र चीनबीच व्यापारिक तनाव फेरि चर्किने सङ्केत देखिएको छ। जहाँ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनमाथि नयाँ कर लगाउने चेतावनी दिएपछि बेइजिङले त्यसको 'कडा प्रतिआक्रमण' गर्ने स्पष्ट सन्देश दिएको छ।

अमेरिकाले चीनले इरानलाई सैन्य सहयोग गर्न लागेको भन्ने रिपोर्ट सार्वजनिक गरेसँगै यो विवाद सतहमा आएको हो। ट्रम्पले अर्को महिना चिनियाँ राष्ट्रपति सी जिनपिङसँग हुने भनिएको भेटअघि नै तेहरानलाई हतियार सहयोग गरेमा चिनियाँ सामानमा ५० प्रतिशतसम्म कर लगाउने चेतावनी दिनुभएको छ।

यही दिन अमेरिकी सञ्चारमाध्यम सिएनएनले अमेरिकी गुप्तचर निकायलाई उद्धृत गर्दै चीनले आगामी केही हप्ताभित्र इरानलाई नयाँ हवाई रक्षा प्रणाली उपलब्ध गराउन सक्ने सङ्केत गरेको खबर सार्वजनिक गरेको थियो।

यसअघि सप्ताहन्तमा द न्युयोर्क टाइम्सले पनि बेइजिङले काँधबाट प्रहार गर्न सकिने मिसाइलहरू पठाएको हुन सक्ने दाबी गरेको थियो।

तर चीनले यी सबै आरोपलाई पूर्ण रूपमा अस्वीकार गरेको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले पत्रकार सम्मेलनमा ती रिपोर्टहरू 'पूर्णतया बनावटी' भएको प्रतिक्रिया दिनुभयो। उहाँले अमेरिकाले यस्ता दाबीलाई बहाना बनाएर थप कर लगाउने प्रयास गरे चीनले कडा प्रतिक्रिया दिने स्पष्ट पार्नुभयो।

चीन र इरानबीच घनिष्ठ आर्थिक सम्बन्ध रहेको छ। विशेषगरी चीन इरानको प्रमुख तेल खरिदकर्ता हो।

यद्यपि दुई देशबीच औपचारिक सैन्य गठबन्धन भने छैन। विश्लेषकहरूका अनुसार बेइजिङले इरानसँगको सम्बन्धलाई मुख्यतः आर्थिक र व्यावहारिक दृष्टिकोणबाट हेर्ने गरेको छ।

यससँगै चीनले खाडी क्षेत्रका अन्य देशहरूसँग पनि बलियो आर्थिक सम्बन्ध कायम राखेको छ। पछिल्लो द्वन्द्वका क्रममा इरानले ती देशहरूलाई लक्षित गरी गरेको आक्रमणप्रति चीनले आलोचना समेत गरेको छ।

# छैटौं कटारी गोल्डकपः झापा सेमिफाइनल प्रवेश



कटारी। उदयपुरको कटारीमा शनिबारदेखि जारी छैटौं कटारी अन्तरराष्ट्रिय आमन्त्रित मेयर गोल्डकप नकाउट फुटबल प्रतियोगितामा चात्या फुटबल क्लब झापा सेमिफाइनल प्रवेश गरेको छ।

मंगलबार सम्पन्न खेलमा डिफेन्डिङ च्याम्पियन च्याम्पियन ब्वाइज काठमाडौंलाई ३-२ गोल अन्तरले पराजित गर्दै झापाले अन्तिम चारमा आफ्नो स्थान सुरक्षित गरेको हो।

खेलको पहिलो हाफमा च्याम्पियनका लागि १० मिनेटमा सविन राईले गोल गर्दै अग्रता लिएका थिए। तर पहिलो हाफको अतिरिक्त समयमा झापाका लागि फागुराम थारुले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए।

दोस्रो हाफ सुरु भएलगत्तै झापाका मिलन राईले गोल गरेर अग्रता लिए। पुनः च्याम्पियनका लागि दगेन राईले दोस्रो हाफको २३औँ मिनेटमा गोल गरेर बराबरी बनाएका थिए। दोस्रो हाफको ३० औँ मिनेटमा झापाका लागि मिलन लिम्बूले गोल गरेपछि झापाको गोल सङ्ख्या तीन पुगेको हो।

त्यसपछि दुवै टिमबाट गोल हुन सकेन। आजको खेलको म्यान अफ द म्याच झापाका मिलन राई घोषित भएका छन्। उनलाई आयोजक कटारी नगर खेलकुद विकास समितिका अध्यक्ष दीपक राईले नगद पाँच हजारका साथमा ट्रफी र मेडल प्रदान गर्नुभयो। प्रतियोगिताको विजेताले नगद रु पाँच लाखका साथमा ट्रफी, मेडल र प्रमाणपत्र हात पार्नेछन्।

त्यसैगरी उपविजेताले नगद रु तीन लाखका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। आठ टिम सहभागी प्रतियोगिता आगामी वैशाख ५ गते सम्पन्न हुने समितिका उपाध्यक्ष राजकुमार थापा क्षेत्रीले बताउनुभयो। प्रतियोगिताको पहिलो चरणको अन्तिम खेल मङ्गलबार केराबारी फुटबल क्लब, मोरङ र पाँचौं कटारी गोल्डकपको उपविजेता शलेस युथ क्लब सिरहाबीच हुनेछ। रासस

# अमेरिका-इरान वार्तामा गति, पाकिस्तानको नयाँ प्रस्ताव



रासस/एपी। अमेरिका र इरानबीच जारी कूटनीतिक संवादले केही प्रगति गरेको सङ्केत देखिएपछि पाकिस्तानले दोस्रो चरणको वार्ताका लागि नयाँ प्रस्ताव अघि सारेको छ। क्षेत्रीय तनाव बढिरहेका बेला यस्तो पहललाई सम्भावित समाधानतर्फको महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले हालै इरानसँगको वार्तामा 'केही प्रगति' भएको बताएका थिए भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि 'अर्को पक्ष वार्ताका लागि इच्छुक रहेको' प्रतिक्रिया दिनुभएको थियो। यही पृष्ठभूमिमा पाकिस्तानले इस्लामाबादमै अर्को चरणको वार्ता आयोजना गर्ने प्रस्ताव अघि सारेको हो।

पाकिस्तानी अधिकारीहरूले नाम गोप्य राख्ने सर्तमा दिएको जानकारीअनुसार यो प्रस्ताव दुवै पक्षको सहमतिमा मात्र अघि बढ्नेछ। उनीहरूले एकपटकको वार्ताभन्दा निरन्तर कूटनीतिक प्रक्रियामार्फत समाधान खोज्नुपर्नेमा जोड दिएका छन्।

यसैबीच, मध्यपूर्वमा तनाव थप चर्किने सङ्केत देखिएका छन्। लेबनानस्थित सशस्त्र समूह हिज्बुल्लाहका एक वरिष्ठ अधिकारीले अमेरिका-लेबनान-इजरायलबीच सुरु हुन लागेको वार्ताबाट हुने कुनै पनि सम्झौता नमान्ने चेतावनी दिएका छन्। यसले वासिङ्टनमा सुरु हुने प्रत्यक्ष लेबनान-इजरायल वार्तालाई चुनौतीपूर्ण बनाएको छ।

> पाकिस्तानी अधिकारीहरूले नाम गोप्य राख्ने सर्तमा दिएको जानकारीअनुसार यो प्रस्ताव दुवै पक्षको सहमतिमा मात्र अघि बढ्नेछ।

लेबनानका अधिकारीहरू भने इजरायलसँगको युद्धविराम सम्भव बनाउन आशावादी देखिएका छन्। हालसम्म उक्त द्वन्द्वमा कम्तीमा दुई हजार ८९ जनाको ज्यान गएको बताइएको छ। तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले तत्काल युद्धविरामभन्दा हिजबुल्लाहको निशस्त्रीकरण र दीर्घकालीन शान्ति सम्झौतामा जोड दिनुभएको छ।

यता, अमेरिकाद्वारा इरानी बन्दरगाहहरूमा गरिएको नाकाबन्दी र त्यसप्रति इरानको कडा प्रतिक्रिया दिने चेतावनीले विश्व अर्थतन्त्रमा समेत प्रभाव पार्न थालेको छ। यसले तेल आपूर्ति र समुद्री मार्गहरू, विशेषगरी होर्मुज जलडमरूमध्य, जोखिममा पर्ने चिन्ता बढाएको छ।

अन्तर्राष्ट्रिय स्तरमा पनि कूटनीतिक पहल तीव्र भएका छन्। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले चीनलाई विश्वस्तरीय वार्ताकारको भूमिकामा अझ सक्रिय हुन आग्रह गर्नुभएको छ। चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको भेटपछि उहाँले इरान र युक्रेनजस्ता द्वन्द्व समाधानमा चीनको भूमिका निर्णायक हुन सक्ने धारणा व्यक्त गर्नुभयो।

जर्मनीका चान्सलर फ्रेडरिक मर्जले पनि इजरायल-लेबनान प्रत्यक्ष वार्तालाई समर्थन गर्दै दक्षिण लेबनानमा शत्रुता अन्त्य गर्न आह्वान गर्नुभएको छ। साथै, उहाँले अमेरिका-इरानबीच कूटनीतिक सहमति कायम गर्नुपर्नेमा जोड दिनुभएको छ।

यसैक्रममा, चीनले मध्यपूर्वमा दीर्घकालीन शान्तिका लागि चार बुँदे प्रस्ताव अघि सारेको छ, जसमा सार्वभौमसत्ताको सम्मान, अन्तर्राष्ट्रिय कानूनको पालना र शान्तिपूर्ण सहअस्तित्वलाई प्राथमिकता दिइएको छ।

कूटनीतिक प्रयासहरू बढेसँगै विश्व बजारमा पनि प्रभाव देखिएको छ। अमेरिका-इरान वार्ता अगाडि बढ्ने अपेक्षाले तेलको मूल्य घटेको छ भने एसियाली सेयर बजारमा सुधार देखिएको छ।

# इक्वालिटी कप क्रिकेटः विराटनगर विजयी



मोरङ। विराटनगरमा जारी पाँचौं इक्वालिटी कप क्रिकेटको उपाधि विराटनगर हबले जितेको छ। नेपाल क्रिकेट फाउण्डेसनद्वारा विराटनगरमा आयोजित प्रतियोगिताअन्तर्गत आज भएको फाइनल खेलमा विराटनगर हबले राजविराज हबलाई ११ रनले पराजित गर्दै उपाधि जितेको हो।

टस हारेर ब्याटिङ गरेको विराटनगरले निर्धारित २० ओभरको खेलमा १८ दशमलव पाँच ओधरमा सबै विकेटको क्षतिमा ९७ रन बनाएको थियो। राजविराजले ९८ रनको लक्ष्य पाएकामा छ विकेटको क्षतिमा ८६ रन बनाएको थियो।

प्रतियोगितामा 'प्लेयर अफ द सिरिज' र उत्कष्ट ब्याटर राजविराजकी साक्षी यादव घोषित भइन्। त्यस्तै उत्कृष्ट बलरमा विराटनगरकी सुभेक्षा लिम्बु घोषित भएकी छिन्। यही चैत २७ गतदेखि सुरु भएको प्रतियोगितामा कोशी प्रदेशका विराटनगर हब तथा पथरी, इटहरी, धनकुटा र उदयपुरबाट संयुक्त टोलीसहित आयोजक एनसिएफ-११ र मधेश प्रदेशका राजविराज तथा सिरहाका दुई टोली सहभागी भएका थिए।

कोशी क्रिकेट सङ्घका अध्यक्ष सर्वजीतराज पाण्डे, सङ्घका पूर्वकेन्द्रीय सदस्य जीना श्रेष्ठ र फाउण्डेशनका अध्यक्ष अभिशेक श्रेष्ठले विजेता एवं उपविजेता टोलीलाई ट्रफी र पुरस्कार वितरण गर्नुभयो। रासस

# मध्यपूर्व युद्धबारे छलफल गर्न रूसी विदेशमन्त्री चीनमा

रासस/एएफपी। रूसका विदेशमन्त्री सर्गेइ लाभ्रोभले मध्य-पूर्व युद्धको विषयमा सहयोग गर्ने उदेश्यले चिनियाँ राजधानी पुगेको रूसी विदेश मन्त्रालयले जनाएको छ।

चीनले मङ्गलबार भियतनामको टो लाम र अबु धाबीका राजकुमार मोहम्मद बिन जायद अल नाह्यानसहित युद्धको कारण प्रभावित भएका देशका नेताहरूलाई छलफलका लागि आमन्त्रण गरेको जनाएको छ।

लाभ्रोभले चिनियाँ शीर्ष कूटनीतिज्ञ वाङ यीसँग वार्ता गर्ने जनाइएको छ जसमा द्विपक्षीय सम्बन्धको विकास, विभिन्न क्षेत्रमा सहयोग, र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विषयहरुमा छलफल र स्थिति समन्वय गर्ने चिनियाँ विदेश मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ।

रूसी विदेश मन्त्रालयले युक्रेनको युद्ध र मध्यपूर्वको अवस्थाबारे छलफल गर्ने पनि बताएको छ।

बेइजिङ र मस्को घनिष्ठ आर्थिक र राजनीतिक साझेदार हुन्, भने सन् २०२२ मा रूसले युक्रेनमा आक्रमण गरे पछि सम्बन्ध अझ मझभुत भएको जनाइएको छ।

# सुडानमा जनवरी देखिका ड्रोन आक्रमणमा सात सय जनाको मृत्यु : राष्ट्रसंघ

रासस/एएफपी। यस वर्षको जनवरी देखि हाल सम्म सुडानमा भएका ड्रोन हमलामा करिब ७०० जना सर्वसाधारणको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय सहायता प्रमुख टम फ्लेचरले बताउनु भएको छ। उहाँले तीन वर्षको गृहयुद्धले सुडानमा विश्वको सबै भन्दा ठूलो मानवीय सङ्कट सिर्जना गरेको बताएको छ।

लामो समय चलेको सुडानी सेना र अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) बीचको युद्धले दशौं हजार मानिसहरूको ज्यान लिएको छ भने एक करोड १० लाख भन्दा बढी विस्थापित भएको जनाइएको छ।

सुडानमा पछिल्लो समयमा, दैनिक जसो हुँदै आएका ड्रोन आक्रमणले सुडानका डार्फुरसहित विभिन्न क्षेत्रमा, जनजीवन अस्तव्यस्त पारेको जनाइएको छ। युद्धले लाखौं सुडानीहरुलाई आफ्नो घर छोड्न बाध्य पार्नुका साथै क्षेत्रीय अस्थिरताको जोखिम उच्च भएको फ्लेचरले बताउनु भएको छ।



उहाँले तीन वर्षको युद्धले लगभग तीन करोड ४० लाख मानिसलाई मानवीय सहयोगको आवश्यकता रहेको बताउनु भएको छ। उहाँले परिस्थिती असहज हुँदै जाँदा भोकमरी बढ्दै गएको उल्लेख गर्दै लाखौं बालबालिका कुपोषित र लाखौं शिक्षाबाट वञ्चित रहेको बताउनु भएको छ।

यसैबीच महिला तथा वालीकाहरूले क्रूर यौनजन्य हिंसाको सामना गरिरहेको बताउदै उहाँले मानवतावादीहरू यस वर्ष दुई करोडलाई सहयोग गर्ने प्रयास गरेको बताउनु भएको छ। सुडानमा संयुक्त राष्ट्रसंघको आवासीय संयोजक डेनिस ब्राउनले यस वर्ष सुडानका लागि सहयोग जुटाउन संयुक्त राष्ट्रसङ्घले गरेको अपिल सदस्य राष्ट्रहरूबाट अन्तर ाष्ट्रिय सहायता योगदानमा कमी आएको कारण असखज भएको बताएउनु भएको छन्।

संकटग्रस्त शान्ति वार्तालाई पुनः जीवित गरी मानवीय सहायता परिचालन गर्ने उद्देश्यले द्वन्द्वसम्बन्धी सम्मेलनमा सहभागी हुन दाताहरू बुधबार बर्लिनमा भेला हुने जनाइएको छ।

# अमेरिकी सैनिकलाई कारबाहि गर्न राष्ट्रसङ्घलाई इरानको आग्रह

रासस/एएनआई। संयुक्त राष्ट्रका लागि इरानी राजदूत अमिर सइद इरवानीले अमेरिकी सैनिकले इरानी सार्वभौमसत्ताको उल्लङ्घन गरेको विषयको निन्दा गर्दै संयुक्त राष्ट्रसङ्घलाई अमेरिकी सैनिकलाई कारबाही गर्न आग्रह गरेको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस र संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्का अध्यक्षलाई पठाएको पत्रमा इरवानीले अमेरिकाको कदमलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरामा पार्ने आक्रमक कार्य भन्दै निन्दा गर्नु भएको छ। सैनिक नाकाबंदी लागू गर्नु इस्लामिक गणतन्त्र इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको घोर उल्लङ्घन भएको उहाँले बताउनु भएको छ। गत अप्रिल -१२ मा युएस सेन्ट्रल कमान्ड (सेन्टकम) द्वारा सार्वजनिक रूपमा सैनिक आतंकवादको घोषणा गरिएको थियो।



उहाँले अमेरिकाले संयुक्त राष्ट्रको बडापत्रको धारा- २, अनुच्छेद ४ को उल्लङ्घन गर्दै आतंकवाद घोषणा गरेको बताउनु भएको छ।

उहाँले अवैध नाकाबंदीले समुद्र सम्बन्धि अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गरेको बताउनु भएको छ। इरानी बन्दरगाहहरूमा आउने र जाने समुद्री यातायात रोक्ने प्रयास गरेर, अमेरिकाले इरानको सार्वभौम अधिकारको प्रयोगमा हस्तक्षेप गरिरहेको र अन्तर्राष्ट्रिय कानून अनुसार तेस्रो राज्यहरूको अधिकार र वैध समुद्री व्यापारको उल्लङ्घन गरिरहेको पत्रमा उल्लेख गरिएको छ।

इरानले अमेरिकाको अवैध कार्यलाई अस्वीकार र निन्दा गर्दै आफ्नो सार्वभौमिकता, क्षेत्रीय अखण्डता र राष्ट्रिय हितहरूको रक्षा गर्न आवश्यक उपायहरू गर्ने आफ्नो "अन्तर्निहित अधिकार" राख्ने बताएको छ।

उहाँले अमेरिकाले अन्तर्राष्ट्रिय रुपमा गैर जिम्मेवारपुर्ण कार्य र क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षामा गलत प्रभावहरू लगायत यसका सबै परिणामहरूको लागि पूर्ण जिम्मेवारी वहन गर्नु पर्ने बताउनु भएको छ।

तत्काल अन्तर्राष्ट्रिय हस्तक्षेपको आह्वान गर्दै, इरानी दूतले संयुक्त राष्ट्र सुरक्षा परिषदलाई नाकाबंदीको निन्दा गर्न र तनाव रोक्न कदम चाल्न आग्रह गर्नु भएको छ।

इरवानीले संयुक्त राष्ट्र सङ्घलाई सम्वोधन गर्दै लेखेको पत्रमा इरान विरुद्ध अमेरिकाको निरन्तर अन्तर ाष्ट्रिय कानूनको उलङ्घन गरेको विषय उजागर गर्नु भएको छ।

यसैबीच, अमेरिकी सेनाले हाल मध्य पूर्वमा कम्तिमा १५ वठा लडाँकु जहाजहरूको उपस्थिति कायम राखेको छ, राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेश पछि सेनाले इरानको बन्दरगाहहरूको समुद्री नाकाबंदीमा भाग लिन सक्ने अमेरिकी अधिकारीलाई उदृत गर्दै सिएनएनले रिपोर्ट गरेको छ।

यसअघि पाकिस्तानमा भएको वार्तामा कुनै सहमति हुन नसकेपछि अमेरिकी राष्ट्रपतिले इरानी बन्दरगाहहरूमा नौसैनिक नाकाबंदी लगाएको जनाइएको छ।

# गहुँको उत्पादन लागत बढ्यो, समर्थन मूल्यले लागत उठेन



दोधारा चाँदनी । सरकारले तोकेको गहुँको समर्थन मूल्यप्रति किसानले असहति जनाएका छन् ।

सरकारले यस वर्ष गहुँको समर्थन मूल्य रु तीन हजार ९४५ तोकेको छ । तर महँगीको मारमा परेका किसान सरकारले तोकेको गहुँको समर्थन मूल्यबाट लागतसमेत नउठ्ने भएपछि चिन्तित बनेका छन् । पछिल्लो समय पेट्रोलिय पदार्थमा भएको मूल्यवृद्धिका कारण उत्पादन लागत बढ्दै गएको अवस्थामा सरकारले तोकेको मूल्यले लागतसमेत नउठ्ने किसानहरूको गुनासो छ । "गत वर्षको तुलनामा जोताइदेखि थ्रेसिङसम्मको खर्च बढेको छ ।" कञ्चनपुरको भीमदत्त नगरपालिका-१६ का राजेश रानाले भन्नुभयो, "सरकारले तोकेको मूल्यले हाम्रो लगानी पनि उठ्दैन अन्य वस्तुको जस्तै किसानको उत्पादनको पनि मूल्य बढ्नुपर्छ ।" पाँच कट्ठा खेत अधिया लिएर गहुँखेती गर्नुभएका रानाले किसानले उत्पादनको उचित मूल्य कहिल्यै नपाउने गरेको बताउनुभयो ।

सरकारले गहुँको मूल्य तोके पनि कञ्चनपुरस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले किसानको गहुँ खरिद नगर्दा किसानहरू मर्कामा परेका छन् । "सरकारले मूल्य त तोक्यो किसानको गहुँ खरिद गर्न सुरु गरेको छैन ।" यहाँको दोधारा चाँदनी-२ का अनिता बोगटीले भन्नुभयो, "सरकारले समयमा समर्थन मूल्य नतोक्ने र गहुँ खरिदमा ढिलाइ गरेका कारण किसानले बाध्य भएर सस्तोमा गहुँ बिक्री गर्नपरेको छ ।" सरकारले समयमै गहुँको समर्थन मूल्य नतोक्ने र तोके पनि पनि झन्झटिलो तथा खरिद प्रक्रियामा ढिलाइजस्ता समस्याले बिचौलियाले किसानको उत्पादन सस्तोमा खरिद गर्ने गरेको यहाँका स्थानीय विष्णु जोशी बताउनुहुन्छ । "हामीसँग उत्पादन गरेको गहुँ भण्डारण गर्ने ठाउँको अभाव छ, सरकारले समयमा खरिद गर्दैन", उहाँले भन्नुभयो, "अहिले झन लागत बढेको छ सरकारले तोकेको मूल्यले पनि हाम्रो लागत आउँदैन ।"

उहाँले सरकारले मूल्य तोक्दा बजारमा अन्य वस्तुको मूल्यवृद्धिलाई मध्यनजर गरेर किसानको उत्पादनको उचित मूल्य तोक्नुपर्ने बताउनुभयो । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, महेन्द्रनगरका कार्यालय प्रमुख महिकरण महराले गहुँ खरिदको कोटा निर्धारण नहुँदा किसानबाट गहुँ खरिद गर्न नसकिएको बताउनुभयो । "अहिलेसम्म यस केन्द्रबाट कति गहुँ खरिद गर्ने कोटा निर्धारण भएको छैन", उहाँले भन्नुभयो, "कोटा निर्धारण हुने बित्तिकै गहुँ खरिदका लागि सूचना निकाल्छौँ ।" कञ्चनपुरमा एक लाख ६१ हजार ७४१ हेक्टर कूल खेतीयोग्य जमिन रहेको छ । यसमध्ये ३१ हजार २१० हेक्टरमा गहुँखेती हुने गरेको छ । रासस

# सुदूरमा ठूला विकास आयोजना प्रभावित

महेन्द्रनगर । पछिल्लो समय पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र आपूर्तिमा देखिएको समस्याका कारण सुदूरपश्चिमा ठूला विकास आयोजनाको काम प्रभावित बनेका छन् ।

निर्माण व्यवसायीहरूले आफूसित मौज्दात रहेको इन्धनबाट काम गरिरहेको भए पनि इन्धनमा भएको मूल्य वृद्धि र अभावका कारण आयोजनालाई अगाडि बढाउन समस्यामा परेका बताइएको छ । यहाँको सेती राजमार्ग दक्षिण खण्ड (टीकापुर-लोडे-चैनपुर-ताक्लाकोट सडक आयोजना)को काम बन्द हुने अवस्थामा पुगेको आयोजना प्रमुख रामकुमार देवले बताउनुभयो ।

"निर्माण व्यवसायीसित भएको मौज्दात इन्धन सकियो अब काम रोकिने अवस्थामा गइसक्यो", उहाँले भन्नुभयो, "ट्र्याक खोल्न प्रयोग भएका ठूला उपकरण पनि रोकिसके ।" दुई सय चार किलोमिटरका उक्त आयोजना २०७४ सालदेखि सुरु भएको हो । आयोजनाअन्तर्गत ३५ किलोमिटर ट्र्याक खोल्न बाँकी छ । हालसम्म कूल दश किलोमिटर खण्ड कालोपत्रे भएको छ । आयोजनाअन्तर्गत डोटी, अछाम र कैलालीमा विभिन्न प्याकेजमा काम भइरहेको आयोजना प्रमुख देवले जानकारी दिनुभयो ।

"चालु आर्थिक वर्षमा सात किमी कालोपत्रे भयो", उहाँले भन्नुभयो, "कालोपत्रे गर्न बिटुमिनको अभाव छ", चालु आवमा उक्त आयोजनाका लागि सरकारले रु २५ करोड रकम विनियोजन गरेको उहाँको भनाइ छ", काम सुस्त भयो । बन्द हुने अवस्था छ । मेसिनरी बन्द हुने अवस्थामा छन्", उहाँले भन्नुभयो, "महँगो पनि पाउन गाह्रो पनि भयो ।"




पेट्रोलियम पदार्थ मूल्य वृद्धिपछि निर्माण व्यवसायीहरूले काम गर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिन थालेका छन् । सुदूरपश्चिमकै गौरवको महाकाली सिँचाइ तेस्रो चरण आयोजनासमेत यसको प्रभाव परेको छ । सिँचाइको मूल नहर निर्माणका लागि सात प्याकेजमा ठेक्का सम्झौता भएर काम भइरहेको भए पनि अहिले निर्माण व्यवसायीहरूले कार्यालयमा मूल्यवृद्धिले काम गर्न नसकिने जनाउँदै कार्यालयमा निवेदन दिएको महाकाली सिँचाइ तेस्रो चरण आयोजना कार्यालयका सूचना अधिकारी यादव बरालले जानकारी दिनुभयो ।

उहाँका अनुसार कार्यालयले नदी नियन्त्रणका लागि ठेक्का लगाए पनि तारजालीको मूल्य वृद्धिका कारण काम हुन सकेको छैन । "मूल्यवृद्धिका कारण नदी नियन्त्रणका लागि ठेक्का भएको काम हुनज सकेको छैन, यसले बर्सातमा समस्या पार्छ कि भन्ने डर छ ।" सूचना अधिकारी बरालले भन्नुभयो, "पेट्रोलिय पदार्थमा मूल्यवृद्धि भएपछि निर्माण व्यवसायीहरूले पनि कार्यालयमा निवेदन दिएका छन् ।"


त्यसैगरी महाकाली करिडोरको काम पनि मूल्य वृद्धिको असरको चपेटामा छ । तेह्र वटा प्याकेजमा ठेक्का भई कञ्चनपुरदेखि दार्चुलाको तिङ्करसम्मको करिडोरको निर्माण भइरहेको भए पनि पछिल्लो समय निर्माण व्यवसायीले महँगी बढेको जनाउँदै काम गर्न छाडेका छन् ।

महकाली करिडोर (ब्रह्मदेव-झुलाघाट-दार्चुला-तिङ्कर) सडक योजना कार्यालयका सूचना अधिकारी दिनेश रैखोलाले इन्धन, बिटुविनलगायतका सामग्रीको भएको मूल्यवृद्धिका कारण करिडोरको काम प्रभावित बनेको बताउनुभयो । चार सय २५ किलोमिटर खण्डको उक्त करिडोरअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेल्धुरामा ५६, बैतडीमा १४४ र दार्चुलामा १२० किलोमिटर सडक पर्छ । दार्चुलामा ७९ किलोमिटर सडकको ट्र्याक खोल्ने काम नेपाली सेनाले गरिरहेको छ । निर्माण व्यवसायीले मूल्यवृद्धि समायोजन नहुँदासम्म काम गर्न नसकिने बताउँदै सरकारलाई मूल्यवृद्धि समायोजनको माग गरेका छन् ।

निर्माण व्यवसायी कञ्चनपुरका अध्यक्ष पुष्पराज अवस्थीले निर्माण व्यवसायीहरूले निर्माण उद्योगमा आपत्काल घोषणाको माग गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "निर्माण व्यवसायीहरूले घरदेख बेचेर काम गनुपर्ने अवस्था आएको छ ।" सङ्घमा आबद्ध कञ्चनपुरका ६०० बढी निर्माण व्यवसायीहरूले बजारमा देखिएको मूल्यवृद्धि र सामग्री अभावका कारण काम गर्न नसकिने बताउँदै निर्माण होलिडेको तयारी गरिरहेको उहाँले बताउनुभयो । रासस

# झापाका दुई उद्योगमा आगलागी

सुरुङ्गा । यहाँको बिर्तामोड नगरपालिका-४ मा सञ्चालित दुई उद्योगमा आज बिहान आगलागी भएको छ ।



आगलागी परी ती उद्योगमा ठूलो परिमाणमा क्षति भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काले जानकारी दिनुभयो । आज बिहान करिब ४:१५ बजे भक्तिप्रसाद उप्रेतीले सञ्चालन गर्नुभएको 'झापाली चिप्स फ्याक्ट्री' र चन्द्रप्रसाद खरेलको 'सौगात काष्ठ फर्निचर'मा एकैसाथ आगलागी भएको थियो ।

आगलागीबाट दुवै उद्योगका कच्चा पदार्थ, तयारी सामग्री तथा मेसिनरी सामान जलेर नष्ट हुँदा करिब एक करोड मूल्य बराबरको क्षति भएको प्रहरीले प्रारम्भिक अनुमान गरेको छ ।

इलाका प्रहरी कार्यालय बिर्तामोड, सशस्त्र प्रहरी बेस क्याम्प शनिश्चरेको प्रहरी टोली, बिर्तामोड, भद्रपुर र मेचीनगर नगरपालिकाका दमकल तथा स्थानीयको सहयोगमा केहीबेर अघि आगो निभाइएको छ ।

आगलागीको कारण खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । रासस

# बाँकेमा गहुँखेती क्षेत्र घट्यो, उत्पादन बढ्यो

राँझा । बाँके जिल्लामा गहुँखेती गर्ने क्षेत्र घट्दै गए पनि गत वर्षको तुलनामा उत्पादनमा भने वृद्धि भएको छ ।

उन्नत जातको बीउ, सिँचाइ र अनुकूल मौसमका कारण यो वर्ष गहुँखेती उत्पादन वृद्धि हुने कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिनुभयो । "खेती गर्ने जग्गाको क्षेत्रफल घटे पनि यस वर्ष गत वर्षभन्दा गहुँ बढी उत्पादन हुने अध्ययनले देखाएको छ", पाठकले भन्नुभयो, "बीउको प्रतिस्थापन दर बढ्दो भएका कारण र किसानले हाइब्रिड जातको बीउको बढी प्रयोगका कारण पनि उत्पादनमा वृद्धि भएको हो ।"

उहाँका अनुसार बाँकेमा गत वर्ष २० हजार ८९५ हेक्टर क्षेत्रफल जमिनमा गरिएको गहुँखेतीबाट ७७ हजार ७०८ मेट्रिक टन गहुँ उत्पादन भएको थियो । यो वर्ष समयमै बर्सात भइरहेको र कुनै किसिमको रोग तथा कीराको सङ्क्रमण नभएकाले गत वर्षको तुलनामा गहुँको उत्पादन वृद्धि हुने भएको छ ।

समयसमयमा किसानका खेतमै पुगेर गहुँबालीको अनुसन्धान गर्ने, बाली उपचार शिविरको सञ्चालन गर्ने, घुम्ती स्थलगत तालिम तथा विभिन्न सचेतना कार्यक्रम गर्ने गरेका कारण पनि क्षेत्रफल घटे पनि उत्पादनमा वृद्धि भएको पाठकको भनाइ छ ।

बाँके जिल्लाका किसान यतिबेला वर्षभरिको पसिनाको फल सुरक्षित गर्ने निर्णायक घडीमा छन् । गत वर्षभन्दा यो वर्ष बाँकमा गहुँखेती उत्पादन वृद्धि भएको अखिल नेपाल किसान महासङ्घ बाँकेका अध्यक्ष कृष्णविक्रम केसीले बताउनुभयो ।

बीउ छरेदेखि स्याहर्ने बेलासम्म सामान्य हावाहुरी र वर्षाले क्षति पुऱ्याए पनि समग्रमा यो वर्ष अनुकूल मौसम भएकोले गहुँको उत्पादन बढेको उहाँको भनाइ छ । गहुँको उत्पादन वृद्धि भए पनि खेती गर्ने क्षेत्रफल भने बर्सेनि घट्दै गएको छ । आर्थिक वर्ष ०८०/०८१ मा जिल्लाका विभिन्न स्थानमा २१ हजार ५१५ हेक्टर क्षेत्रफल जग्गामा गहुँखेती गरिएको थियो । रासस

# शुक्लाफाँटामा स्वास्थ्य बीमा कार्यक्रममा न्यून सहभागिता

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिकामा स्वास्थ्य बिमा कार्यक्रमबाट अपेक्षाअनुसार सर्वसाधारण लाभान्वित हुन सकेका छैनन् ।

नगरपालिकाको कूल जनसङ्ख्या ५५ हजार ८०६ रहेकोमा हालसम्म पाँच हजार ७५६ जना मात्रै बिमा कार्यक्रममा आबद्ध भएका छन् । जुन कूल जनसङ्ख्याको करिब १० दशमलव ३१ प्रतिशत मात्रै रहेको छ । स्वास्थ्य शाखा प्रमुख परमानन्द भट्टका अनुसार सङ्घीय सरकारमार्फत पाँच हजार ७२६ र नगरपालिका-१० को सहयोगमा ३० जना बिमा कार्यक्रममा समेटिएका छन् । उहाँले स्वास्थ्य बिमासम्बन्धी पर्याप्त जानकारी र यसले पुऱ्याउने फाइदाका बारेमा जानकारी नहुँदा नागरिक सहभागिता न्यून भएको पाइएको बताउनुभयो ।

"धेरैलाई बिमाको फाइदा, प्रक्रिया र उपयोगबारे स्पष्ट जानकारी छैन", उहाँले भन्नुभयो, "अब बिमा अभिकर्तामार्फत व्यापक जनचेतना अभिवृद्धि गर्ने योजना बनाएका छौँ ।" उहाँका अनुसार, स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुन इच्छुक नागरिकले तोकिएको बिमा दर्ता केन्द्र वा अभिकर्तामार्फत परिवारको विवरण पेस गर्नुपर्ने हुन्छ ।




नागरिकता वा परिचयपत्र, परिवार सदस्यको विवरण र आवश्यक कागजातसहित आवेदन दिएपछि वार्षिक प्रिमियम शुल्क रु तीन हजार ५०० बुझाइ बिमा सदस्यता लिन सकिन्छ । सामान्यतया एक परिवार(पाँच जना सम्मको)ले न्यून शुल्क तिरेर वार्षिक रूपमा रु एक लाखसम्मको स्वास्थ्य सेवा निःशुल्क वा सहुलियतमा पाउने व्यवस्था रहेको छ ।

बिमा कार्यक्रममा आबद्ध हुन केही चुनौती पनि देखिएका छन् । कतिपय नागरिकले बिमा प्रक्रिया झन्झटिलो भएको गुनासो गर्ने गरेका छन् । फाराम भर्ने प्रक्रिया, कागजात सङ्कलन, समयमै सेवा नपाउने चिन्ता, अस्पतालमा बिमा सेवा सहज नहुनुजस्ता कारणले पनि आकर्षण घटेको देखिन्छ । ग्रामीण क्षेत्रमा सूचना अभाव र पहुँचको कमी पनि प्रमुख समस्याका रुपमा रहेको छ ।रासस

# कृषिउपजको थोक मूल्य



काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले आजका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ७०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु ३०, गोलभैँडा सानो (भारतीय) प्रतिकिलो रु ३२, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु ४०, आलु रातो प्रतिकिलो रु २३ र आलु रातो (भारतीय) प्रतिकिलो रु २४ र प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ३६ रहेको छ ।

यसैगरी, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु ४०, काउली स्थानीय प्रतिकिलो रु ६०, काउली स्थानीय (ज्यापु) प्रतिकिलो रु ८०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ६० र भन्टा डल्लो प्रतिकिलो रु ८० कायम भएको छ ।

त्यसैगरी, बोडी (तने) प्रतिकिलो रु १२०, मटरकोसा प्रतिकिलो रु ८०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ६०, घिउ सिमी (राजमा) प्रतिकिलो रु १३०, टाटे सिमी प्रतिकिलो रु १२०, भटमास कोसा प्रतिकिलो रु ३२०, लौका प्रतिकिलो रु ४०, परवर (लोकल) प्रतिकिलो रु १२०, चिचिन्डो प्रतिकिलो रु ८५, घिरौँला प्रतिकिलो रु ६०, फर्सी पाकेको प्रतिकिलो रु ६०, हरियो फर्सी (लाम्चो) प्रतिकिलो रु ४०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ५०, भिन्डी प्रतिकिलो १२०, सखरखण्ड प्रतिकिलो ८०, बरेला प्रतिकिलो रु ७०, पिँडालु प्रतिकिलो रु ६० र स्कुस प्रतिकिलो रु ६० कायम गरिएको छ ।

रायोसाग प्रतिकिलो रु ६०, पालुङ्गो प्रतिकेजी रु १००, चमसुर प्रतिकिलो रु १००, तोरीसाग प्रतिकिलो रु ४०, मेथी प्रतिकिलो रु ९०, हरियो प्याज प्रतिकिलो रु ८०, बकुला प्रतिकिलो रु ६०, च्याउ (कन्य) प्रतिकिलो रु २२०, च्याउ (डल्ले) प्रतिकिलो रु ४५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु १,००० निर्धारण गरिएको छ ।

कुरिलो प्रतिकिलो रु ५००, निगुरो प्रतिकिलो रु ८०, ब्रोकाउली प्रतिकिलो रु ९०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकेजी रु ११०, कोइरालो प्रतिकिलो रु २६०, रातो बन्दा प्रतिकिलो रु ४०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १२०, पार्सले प्रतिकिलो रु २००, सौफको साग प्रतिकेजी रु ९०, पुदिना प्रतिकिलो रु १२०, गान्टेमुला प्रतिकिलो रु ५०, इमली प्रतिकिलो रु १८०, तामा प्रतिकिलो रु १६०, तोफु प्रतिकिलो रु १६० र गुन्द्रुक प्रतिकिलो रु ३०० तोकिएको छ ।

स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फुजी) प्रतिकिलो रु ३२०, केरा (दर्जन) रु २२०, कागती प्रतिकिलो रु ३००, अनार प्रतिकिलो रु ३८०, अङ्गुर (हरियो) प्रतिकिलो रु २३०, अङ्गुर (कालो) प्रतिकिलो रु ३५०, सुन्तला (भारतीय) प्रतिकिलो रु १६०, तरबुजा हरियो प्रतिकिलो रु ४५, भुइँकटहर प्रतिगोटा रु १६०, काँक्रो (लोकल) प्रतिकिलो रु ८०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ५०, काँक्रो (लोकलक्रस) प्रतिकिलो रु ८०, रुखकटहर प्रतिकिलो रु ८०, नास्पाती (चाइनिज) प्रतिकिलो रु २५०, मेवा (नेपाली) प्रतिकिलो रु ७०, मेवा (भारतीय) प्रतिकिलो रु ९० र किबी प्रतिकिलो रु ४०० निर्धारण गरिएको छ ।

यसैगरी, एभोकाडो प्रतिकिलो रु ८००, अदुवा प्रतिकिलो रु ९०, सुकेको खुर्सानी प्रतिकिलो रु ४६०, खुर्सानी (हरियो) प्रतिकिलो रु ११०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ९०, माछे खुर्सानी प्रतिकिलो रु १००, भेडे खुर्सानी प्रतिकिलो रु १३०, हरियो लसुन प्रतिकिलो रु १००, हरियो धनियाँ प्रतिकिलो रु १००, लसुन सुकेको (चाइनिज) प्रतिकिलो रु २२०, लसुन सुकेको (नेपाली) प्रतिकिलो रु १४०, छ्यापी सुकेको प्रतिकिलो रु १३०, छ्यापी हरियो प्रतिकिलो रु ९०, माछा सुकेको प्रतिकिलो रु १,०००, ताजा माछा (रहु) प्रतिकिलो रु ३४०, ताजा माछा (बचुवा) प्रतिकिलो रु ३१० र ताजा माछा (छडी) प्रतिकिलो रु ३०० निर्धारण गरिएको छ । रासस

# सोवाङ धुरी र धौलागिरि आइसफललाई दोवासँग जोड्न पदमार्ग निर्माण

म्याग्दी । जिल्लाको अन्नपूर्ण गाउँपालिका-१ दोवाका बासिन्दाले करिब ४५ दिन जङ्गलमै बास बसेर पदमार्ग निर्माण गरेका छन् ।

बस्तीदेखि टाढा भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा पदमार्ग निर्माणका क्रममा दोवाका बासिन्दाहरूले सरकारी निकायबाट प्राप्त अनुदान र श्रमदानको अलावा मेलाबाट भएको आम्दानीलाई पनि परिचालन गरेका हुन् ।

अन्नपूर्ण गाउँपालिका र मणीबराहयुवाक्लबकोसाझेदारीमा दोवादेखि पातलखर्क, गरेकखर्क, देउरालीडाँडा, ठूलोखानी, धैरासिर, गुराँसिनीखोला, भिराउटो, सुर्केमेला र हल्टुडे क्षेत्रमा पदमार्ग निर्माण भएको हो ।

उपभोक्ता समितिका अध्यक्ष विकास पुनले चार किलोमिटर ४०६ मिटर पदमार्ग निर्माण भएको जानकारी दिनुभयो । अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट विनियोजन गरेको यस योजनाका लागि मणिबाराही युवा क्लबले रु चार लाख २५ हजार ७६५ सहयोग गरेको र रु एक लाख २४ हजार बराबरको श्रमदान भएको उहाँले बताउनुभयो ।

"दोवामा पर्यटक भित्र्याउने र बसाई लम्बाइ ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि बढाउने तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले पर्यटकीय पूर्वाधार निर्माणमा जुटेका हौँ", अध्यक्ष पुनले भन्नुभयो, " सोवाङ धुरी र धौलागिरि आइसफललाई दोवासँग जोड्ने उद्देश्यले थालिएको पदमार्ग निर्माण कार्यलाई निरन्तता दिन आवश्यक छ ।"



पुनका अनुसार दोवाका २३ जना स्थानीयवासी करिब ४५ दिन जङ्गलमै बास बसेर पदमार्ग निर्माण गरेका हुन् । बस्तीदेखि टाढा रहेको ठाउँमा घरबाट जान, आउन टाढा हुने भएकाले निर्माणस्थलमै त्रिपालको गोठ बनाएर बास बसेका हुन् । बडादशैँको अवसरमा मणिबाराही युवा क्लबले आयोजना गरेको मेलाबाट भएको आम्दानी पदमार्ग निर्माणमा सहयोग गरेको हो ।

पदमार्ग अनुगमनमा जानुभएकी अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले भौगोलिक रुपमा विकट र दुर्गम ठाउँमा सरकारले विनियोजन गरेको बजेटमा स्थानीय युवा क्लबबाट रकम थपेर उपभोक्ता समितिले काम गरेकामा प्रशंसा गर्नुभयो ।

परापूर्वकालमा दोवावासीले घुम्ती पशुगोठ लेकबैंसी गर्दा प्रयोग गरेको गोरेटो बाटो पहिचान गरेर पदमार्गको रुपमा विकास गर्न लागिएको अन्नपूर्ण गाउँपालिका-१ दोवाका वडाध्यक्ष दिलीप गर्बुजाले बताउनुभयो ।

बेनी-जोमसोम सडक निर्माणपछि १५ वर्षअघि म्याग्दी र मुस्ताङ जोड्ने धौलागिरि आइसफल पदमार्गको पहिचान भएको थियो । रघुगङ्गा गाउँपालिकाको राखुदेखि सुरु हुने यो पदमार्ग मुस्ताङको लेते जोडिन्छ । मुख्य पदमार्गमा नजिकका बस्तीहरूबाट जोड्ने सहायक पदमार्गको विकास गर्ने काम भइरहेको छ ।

मगर समुदायको बाहुल्य बसोबास रहेको दोवाको पर्यटन विकासका लागि आइसफललाई पदमार्गले जोड्न लागिएको वडाध्यक्ष गर्बुजाले बताउनुभयो । रासस

# विकास निर्माणका योजना अन्योलमा

टुडे समाचारदाता




राजविराज । मधेश प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालय सप्तरी मार्फत सञ्चालन हुने विकास योजनाहरू अन्यौलमा परेको देखिएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत 'रेडबुक'मा समावेश भएका योजना आर्थिक वर्षको अधिकांश समय बितिसक्दा पनि कार्यान्वयन चरणमा प्रवेश गर्न नसक्दा सर्वसाधारणमा अन्योल बढेको छ ।

आर्थिक वर्ष समाप्त हुन अब करिब तीन महिना मात्र बाँकी रहँदा पनि अधिकांश योजना सुरु नहुँदा ती समयमै सम्पन्न हुनेमा शंका उत्पन्न भएको छ। रेडबुकअनुसार सप्तरी जिल्लामा साना तथा ठूला गरी करिब चार सय विकास योजना समावेश छन्, तर तीमध्ये धेरैजसो योजनाको काम अझै अघि बढ्न सकेको छैन ।

प ् द ` श सरकारको कार्यविधिअनुसार २५ लाख रुपैयाँभन्दा बढी लागतका योजना ठेक्का प्रक्रियामार्फत र सोभन्दा कम बजेटका योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । तर, १० देखि २० लाख रुपैयाँसम्मका योजनाका लागि उपभोक्ता समिति गठन प्रक्रिया नै सुरु नभएको भन्दै पूर्वमन्त्री उमेशकुमार यादव ले असन्तुष्टि व्यक्त गरेका छन् । उनका अनुसार आवश्यक तयारी र प्रक्रिया समयमै नहुँदा विकासका काम प्रभावित भएका छन् ।

उनले प्रदेश सरकारबाट सञ्चालन हुने योजना प्रत्यक्ष रूपमा जनतासँग जोडिएका भए पनि सम्बन्धित कार्यालयको ढिलासुस्तीका कारण समयमै सम्पन्न हुने सम्भावना न्यून रहेको बताए। स्थानीयवासीहरूले पनि सडक, भवन लगायतका महत्वपूर्ण पूर्वाधार योजना समयमै सम्पन्न नहुने चिन्ता व्यक्त गरेका छन् ।

योजना कार्यान्वयनमा कार्यालयको एकाधिकार जस्तै अवस्था रहेको र राजनीतिक नेतृत्व तथा जनप्रतिनिधिबीच समन्वयको अभावका कारण प्रक्रिया ढिलाइ भइरहेको स्थानीयको गुनासो छ । कतिपय योजनाहरू नेताहरूबीचको सहमति र बाँडफाँटको प्रतीक्षामा अल्झिएको उनीहरूको भनाइ छ।

यस विषयमा कृष्णदेव झा, प्रमुख पूर्वाधार विकास कार्यालय सप्तरी ले केही प्रक्रियागत अन्योलता रहेको स्वीकार गर्दै छिट्टै समाधान गरिने बताएका छन् । उनका अनुसार एक साताभित्र सम्बन्धित वडा कार्यालयहरूमा पत्राचार गरी योजना कार्यान्वयन प्रक्रिया अघि बढाइने तयारी भइरहेको छ।

यद्यपि, समय घर्किंदै जाँदा योजना प्रभावकारी रूपमा सञ्चालन हुने कि नहुने भन्ने विषयमा सर्वसाधारण र सरोकारवालाहरूको चासो र चिन्ता बढ्दै गएको छ।

# पर्यटकीय विकासमा मन्त्री महतोको जोड

**जनकपुरधामको धार्मिक पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले विभिन्न योजनाहरु अघि बढाएको उनले जानकारी दिए । ती योजनामा भौतिक पूर्वाधारको विकास, धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण, सरसफाइ व्यवस्थापन, यातायात सेवाको सुधार तथा सुरक्षा व्यवस्थाको सुदृढीकरणलाई प्राथमिकतामा राखिएको छ। उनले यस्ता योजनाहरूको प्रभावकारी कार्यान्वयनबाट जनकपुरधामलाई व्यवस्थित र आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने बताए ।**

टुडे समाचारदाता



जनकपुरधाम। मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले जनकपुरधामलाई अन्तर्राष्ट्रिय स्तरको धार्मिक तथा पर्यटकीय केन्द्रका रूपमा विकास गर्नमा सञ्चार क्षेत्रको महत्वपूर्ण रहेकाले सहयोग गर्न सँग आग्रह गरेको छ।

मधेश भवनमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री महतोले जनकपुरधामको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वलाई विश्वसामु चिनाउन सञ्चारमाध्यमले जिम्मेवार, तथ्यपरक र सकारात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए। उनले जनकपुरधामको पहिचानलाई सही ढंगले प्रस्तुत गर्न सके यस क्षेत्रको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने धारणा व्यक्त गरे।

उनका अनुसार मिथिलाको प्राचीन राजधानीका रूपमा परिचित जनकपुरधाममा रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाको प्रभावकारी प्रचारप्रसार हुन सके आन्तरिक तथा बाह्य पर्यटनमा उल्लेखनीय वृद्धि हुने सम्भावना प्रबल रहेको छ। उनले सञ्चारमाध्यमलाई सत्यतथ्यमा आधारित सूचना प्रवाह गर्न र सकारात्मक सन्देश सम्प्रेषण गर्न आग्रह गर्दै यसले जनकपुरधामको अन्तर्राष्ट्रिय छवि निर्माणमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे।

मन्त्री महतोले जनकपुरधामलाई केवल धार्मिक आस्थाको केन्द्रका रूपमा मात्र सीमित नराखी नेपालको सांस्कृतिक पहिचानको महत्वपूर्ण प्रतीकका रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता औंल्याए। उनका अनुसार जनकपुरधामको ऐतिहासिकता, परम्परा र सांस्कृतिक धरोहरलाई समेटेर व्यापक रूपमा प्रचार गर्न सके यसले विश्वभरका पर्यटकलाई आकर्षित गर्न सक्छ।

कार्यक्रममा उनले वर्तमान राजनीतिक अवस्थाप्रति पनि धारणा राख्दै राजनीतिक दलहरूलाई केवल सत्ता प्राप्तिको माध्यमका रूपमा हेर्ने प्रवृत्ति बढ्दै गएकोमा चिन्ता व्यक्त गरे। उनका अनुसार राजनीतिक दलहरू पेशा नभई जनताको सेवा गर्ने पवित्र संस्था हुन्। राजनीति व्यक्तिगत स्वार्थ पूरा गर्ने माध्यम नभई जनहितका लागि समर्पित हुनुपर्नेमा उनले जोड दिए।

उनले नेताहरू तथा कार्यकर्ताहरूलाई व्यक्तिगत लाभभन्दा माथि उठेर राष्ट्र र समाजको समग्र हितमा समर्पित हुन आग्रह गरे। जनताको अपेक्षाअनुसार सेवा दिनु नै राजनीतिक नेतृत्वको प्रमुख दायित्व भएको उल्लेख गर्दै उनले जिम्मेवार र पारदर्शी शासन प्रणालीमार्फत जनविश्वास कायम गर्नुपर्ने बताए।

मन्त्री महतोले प्रदेश सरकार सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राखेर अघि बढिरहेको जानकारी दिँदै विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा विभिन्न प्रयासहरू भइरहेको उल्लेख गरे । उनले जनताको आवश्यकता र अपेक्षाअनुसार कार्यक्रमहरू कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको पनि स्पष्ट पारे।

जनकपुरधामको धार्मिक पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले विभिन्न योजनाहरू अघि बढाएको उनले जानकारी दिए । ती योजनामा भौतिक पूर्वाधारको विकास, धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण, सरसफाइ व्यवस्थापन, यातायात सेवाको सुधार तथा सुरक्षा व्यवस्थाको सुदृढीकरणलाई प्राथमिकतामा राखिएको छ। उनले यस्ता योजनाहरूको प्रभावकारी कार्यान्वयनबाट जनकपुरधामलाई व्यवस्थित र आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने बताए।

मन्त्री महतोले जनकपुरधामको समग्र विकासका लागि स्थानीय तह, निजी क्षेत्र र सञ्चारमाध्यमबीच सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गरे। विकासका लागि साझा दृष्टिकोण र समन्वय आवश्यक रहेको उल्लेख गर्दै उनले सबै पक्षबीच सहकार्य भए मात्र दिगो र परिणाममुखी विकास सम्भव हुने बताए । कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूले पनि जनकपुरधामको विकासका लागि राज्यले ल्याएका नीति तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्नेमा जोड दिएका थिए। उनीहरूले सञ्चार क्षेत्रले विकासका एजेन्डालाई प्राथमिकतामा राखेर सकारात्मक बहस र सहकार्यलाई अघि बढाउनुपर्ने धारणा राखेका थिए।

अन्त्यमा मन्त्री महतोले सबै सरोकारवालालाई साझा लक्ष्यका साथ अघि बढ्न आह्वान गर्दै जनकपुरधामलाई अन्तर्राष्ट्रिय धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने प्रदेश सरकारको प्रतिबद्धता दोहोर्याएका थिए।

# लोक संस्कृति उत्सव सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको औरही गाउँपालिका-२ को परवाहा गाउँमा स्थानीय लोक, संस्कृतिको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने उद्देश्यले 'परवाहा लोक संस्कृति उत्सव' आयोजना गरिएको छ । युवा नाट्यकला परिषद् परवाहाको आयोजना तथा औरही गाउँपालिकाको सहयोगमा उत्सव सम्पन्न भएको छ।




युवा नाट्यकला परिषद् को आयोजनामा मौलिक लोक, संस्कृतिको जगेर्ना गर्दै नयाँ पुस्तामा पुस्तान्तरण गर्ने उद्देश्यले उत्सव आयोजना गरिएको जनाएको छ । आयोजकको अनुसार सोमबारेदेखि शुरु भइ मंगलबारसम्म सञ्चालन भएको उक्त उत्सवमा मिथिलाञ्चलका विविध सांस्कृतिक विधा प्रस्तुत गरिएका थिए।

उत्सवका क्रममा 'सांस्कृतिक सङ्क्रमण' तथा 'सांस्कृतिक पुनरुत्थान कि पुनर्विचार' विषयमा विचार विमर्शसमेत गरिएको थियो । त्यसैगरी विद्यापति गीत, संस्कार तथा व्यवहारसम्बन्धी गीत, गोधना र गाथा गायन प्रस्तुत गरिएको आयोजकले जनाएको छ। लोरिक, दिनभद्री, सलहेस नाचलगायत मिथिलाञ्चलका प्रख्यात ऋतुगीत, श्रमगीत तथा नारदी कीर्तनसमेत प्रस्तुत गरिएको थियो।

आधुनिकताको प्रभावका कारण मौलिक संस्कृति ओझेलमा पर्न थालेकाले यसको संरक्षण अपरिहार्य भएको युनापका अध्यक्ष अनिल मिश्रले जानकारी दिए । गाउँघरमा रहेका पुराना लोकगीत, नाच तथा परम्परागत ज्ञानको अभिलेखीकरण गर्दै पुस्तान्तरण गर्ने लक्ष्यसहित उत्सव आयोजना गरिएको उनको भनाइ छ । उनले भने, "हाम्रो पहिचान हाम्रो संस्कृति हो । नयाँ पुस्तामा यसको महत्त्व क्रमशः हराउँदै गएकाले यसलाई जोगाउनु आवश्यक छ।"

उत्सवमा स्थानीय कलाकारका साथै सांस्कृतिक अभियन्ता, अनुसन्धानकर्ता तथा सरोकार भएकाको उल्लेख्य सहभागिता थियो। मिथिला क्षेत्रको सांस्कृतिक विविधतालाई उजागर गर्दै परवाहा क्षेत्रलाई सांस्कृतिक केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिइएको आयोजकले जनाएको छ।

# कोशी नदीमा डुबेर एकको मृत्यु

टुडे समाचारदाता

राजविराज । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा रहेको कोशी नदीमा नुहाउने क्रममा डुबेर एक युवकको ज्यान गएको छ।

नगरपालिकाको वडा नम्बर १ स्थित कोशी ब्यारेजदेखि करिब एक किलोमिटर उत्तरतर्फ सप्तकोशी नदीको बाँध क्षेत्रमा मंगलबार नुहाउने क्रममा सोही ठाउँका वडा नम्बर ३ पोर्ताहा घर भएका २० वर्षीय रितेश यादवको मृत्यु भएको प्रहरीले जनाएको छ।

साथीसँग नुहाउन गएका उहाँ अचानक डुबेर बेपत्ता भएपछि घटनाबारे सुरक्षा बेस भारदहमा खबर गरिएको थियो । प्रहरीले खबरपाएपछि सुरक्षा बेस भारदहबाट ७ जना र इलाका प्रहरी कार्यालय भारदहबाट ७ जनाको संयुक्त टोलीले खोजी कार्य सुरु गरेको थियो।

कोशी नदीमा नुहाएको स्थानबाट १० मिटर दक्षिणतर्फ करिब १२ फिट गहिराइमा डुबिरहेको अवस्थामा रितेशको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक विजय कर्कीले जनाएको छ।

# सिमरा पार्कमा दर्शकको अत्यधिक भीड

टुडे समाचारदाता



बारा। नेपाली नयाँ वर्ष २०८३ को अवसरमा बाराको सिमरा स्थित थानीमाई सामुलायिक बन उपभोक्ता समुहद्धारा सञ्चालित सिमरा पार्कमा दर्शकहरूको अत्यधिक भीड लागेको छ।

नयाँ वर्षको पहिलो दिनमै जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.१ स्थित उक्तपार्क अवलोकन गर्न आउनेहरूको संख्या ह्वात्तै बढेको हो। थानीमाई सामुदायिक वन उपभोक्ता समुहका कोषाध्यक्ष श्याम सुबेदीका अनुसार हालसम्म करिब एक लाख दर्शकहरूले टिकट काटेर पार्कको अवलोकन गरिसकेका छन् । उनले टिकट काउन्टिङ प्रक्रिया जारी रहेकाले यकिन संख्या अझै स्पष्ट भइनसकेको जानकारी दिए । पार्क परिसरमा सवारी साधनको चाप पनि उल्लेखनीय देखिएको छ।

सुबेदीका अनुसार पार्कमा करिब ७ सय मोटरसाइकल र ५६ वटा साना गाडी पार्किङ गरिएको छ, जसले दर्शकको उच्च उपस्थितिलाई पुष्टि गर्छ। नयाँ वर्षको बिदा मनाउन उद्योग तथा कलकारखानामा कार्यरत कर्मचारी, मजदुर, तथा परिवारसहितका सर्वसाधारणहरू पिकनिक मनाउन र रमाइलो गर्न पार्कमा पुगेका थिए । बालबालिकादेखि वृद्धसम्म सबै उमेर समूहका व्यक्तिहरूको पनि सहभागिता देखिएको थियो।

पार्कभित्र विभिन्न मनोरञ्जनात्मक गतिविधि, खुला स्थानमा पारिवारिक जमघट तथा फोटो खिच्ने क्रमले वातावरण उत्साहपूर्ण बनेको थियो।तर, टिकट दर सम्बन्धी विषयमा केही गुनासो समेत आएको छ। आधिकारिक रूपमा टिकट शुल्क १० रुपैयाँ तोकिएको भएपनि काउन्टरमा २० रुपैयाँसम्म असुल गरिएको छ।

बढ्दो भीडलाई व्यवस्थापन गर्न सुरक्षाकर्मी परिचालन, पार्किङ व्यवस्थापन र सेवा सुविधामा सुधार आवश्यक देखिएको छ। यस बर्ष पार्क भित्र स साना खाने कुरा बेच्ने र बालबालिकाको मनोरञ्जनकोलागि खेलकुदको ब्यपार गर्नेहरुसँग केहि शुल्क लिएर भित्र सञ्चालन गर्ने ब्यवस्थापन गरिएको थियो। सिमरा पार्कमा रुखको सहयाताले बनाईको भ्यु मचान प्रमुख आकर्षणको केन्द्र बनेको थियो।

सिमरा पार्कमा हात्ती ,गैंडा ,कँगारु लगायतका जनावरहरुको प्रतिमा हेरेर बालबालिकाहरु रम्ने र फोटो खिचाउँने गरेका थिए भने पार्कमा राखिएका पिङ्ग र स्लाईड खेलेर आनन्द लिएका थिए।

# सामाजिक सद्भाव कायम राख्न अपिल



टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधाममा एक घरमा पकाइएको मासुलाई लिएर फैलिएको हल्लापछि स्थानीय अवस्था केही समय तनावपूर्ण बनेको छ। जनकपुरधाम-१६ स्थित पुलचोक क्षेत्रमा उक्त घटना भएपछि सामाजिक सद्भावमा असर पर्ने चिन्ता बढेको हो।

गत चैत २९ गते साँझ मुस्लिम समुदायका मोहम्मद अली साफी आफ्नै घरमा मासु पकाइरहेका बेला केही स्थानीय युवाहरूले गाईको मासु भएको आशंका गर्दै उक्त मासु नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए। त्यसपछि घटनाले चर्चा पाउँदै जाँदा क्षेत्रको वातावरण संवेदनशील बन्न पुगेको बताइएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषा ले घटनाप्रति गम्भीर ध्यान दिँदै सर्वसाधारणलाई अफवाहमा नपर्न र संयमता अपनाउन आग्रह गरेको छ। सामाजिक सञ्जालमा फैलिएका अपुष्ट जानकारी र भ्रामक टिप्पणीहरूले समुदायबीच अविश्वास बढाउन सक्ने भन्दै प्रहरीले सचेत गराएको हो।

प्रहरीका अनुसार घटनास्थलबाट बरामद गरिएको काँचो तथा पकाएको मासु परीक्षणका लागि विधिविज्ञान प्रयोगशाला सामाखुशी पठाइएको छ। परीक्षण प्रतिवेदन आएपछि मात्र मासुको वास्तविक प्रकृति पुष्टि हुने बताइएको छ।

मधुसुधन न्यौपाने ले हालसम्म उक्त मासु कुन जनावरको हो भन्ने पुष्टि नभएको स्पष्ट पार्दै प्रतिवेदन आउनुअघि नै सामाजिक सञ्जालमा आधारहीन दाबी गर्नु गैरजिम्मेवार कार्य भएको बताएका छन्।

यस्ता गतिविधिले धार्मिक तथा साम्प्रदायिक सद्भावमा नकारात्मक असर पार्न सक्ने उनको भनाइ छ। उनका अनुसार यदि परीक्षणपछि निषेधित जनावरको मासु भएको प्रमाणित भए कानुनअनुसार कारबाही गरिनेछ । तर, त्यसअघि अनावश्यक अफवाह फैलाएर सामाजिक एकता बिगार्ने प्रयास नगर्न सबैलाई आग्रह गरिएको छ।

# सलहेश फूलबारीमा श्रद्धालुको घुइँचो

टुडे समाचारदाता



लहान । सिरहास्थित प्रसिद्ध ऐतिहासिक तथा धार्मिकस्थल सलहेश फूलबारी मा नयाँ वर्ष २०८३ को अवसर पारेर आज भव्य मेला लागेको छ। प्रत्येक वर्ष वैशाख १ गते मात्र फुल्ने विश्वास गरिने दुर्लभ सुनाखरी फूलको दर्शन गर्न बिहानैदेखि श्रद्धालुहरूको उल्लेख्य भीड देखिएको छ।

लहान नगरपालिका-१२ र २२ मा फैलिएको करिब नौ बिघा क्षेत्रफलमा अवस्थित यस फूलबारीभित्र रहेको हारमको रूखमा आज बिहानैदेखि सुनाखरी फूल फक्रिएको स्थानीयहरूले बताएका छन् । धार्मिक आस्था र परम्परासँग जोडिएको यस फूललाई दर्शन गर्न नेपालका विभिन्न जिल्लाका साथै भारतका सीमावर्ती क्षेत्रबाट समेत हजारौं भक्तजनहरू आइपुगेका छन्।

लोकविश्वासअनुसार १४औं शताब्दीका लोकनायक राजा सलहेश र उनकी प्रेमिका मालिनीको प्रेमको प्रतीकका रूपमा यस फूललाई लिइन्छ। विशेषगरी तराईका पासवान समुदायले राजा सलहेशलाई आफ्ना इष्टदेवका रूपमा पूजा गर्ने परम्परा रहिआएको छ। यस दिन पूजा-अर्चना गर्दा मनोकांक्षा पूरा हुने, निःसन्तानलाई सन्तान प्राप्ति हुने तथा रोगव्याधिबाट मुक्ति मिल्ने धार्मिक विश्वास रहेको छ।

मेला व्यवस्थापन समितिका अध्यक्ष दशमीलाल चौधरी का अनुसार बिहान करिब ४ बजेदेखि नै मन्दिरमा पूजा गर्नेहरूको लामो लाइन लागेको छ। दिनभर श्रद्धालुहरूको चाप बढ्ने अनुमान गरिएको उनले बताए।

श्रद्धालुहरूको अत्यधिक उपस्थितिलाई ध्यानमा राख्दै सुरक्षा व्यवस्था कडा पारिएको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले भीड व्यवस्थापनका लागि गस्ती बढाएको छ । साथै, सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै सादा पोसाकका प्रहरी परिचालन गरि नुका साथै 'सिसीटिभी क्यामेरा'मार्फत निगरानीसमेत गरिएको छ।

भीडका कारण यातायात तथा आवागमनमा समस्या नआओस् भन्ने उद्देश्यले स्वयंसेवकहरू परिचालन गरिएको मेला समितिले जनाएको छ । उनीहरूले श्रद्धालुहरूलाई सहज रूपमा दर्शन तथा आवतजावत गर्न सहयोग गरिरहेका छन्।

सरकारले यस क्षेत्रलाई नयाँ धार्मिक पर्यटकीय गन्तव्यका रूपमा सूचीकृत गरे पनि अपेक्षित पूर्वाधार विकास हुन नसकेको भन्दै स्थानीय सरोकारवालाहरूले असन्तुष्टि जनाएका छन्। जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, लहानका अध्यक्ष प्रदीपकुमार गुप्ता ले तीनै तहका सरकार र सम्बन्धित निकायबीच समन्वय गरी एकीकृत गुरुयोजना निर्माण गर्नुपर्ने आवश्यकता औंल्याए।

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं ।

"आर्थिक मापनको लागि आर्थिक गणना"

- आर्थिक गणना किन: देशमा सञ्चालित उद्योग, प्रतिष्ठान तथा व्यवसायको वास्तविक अवस्था पहिचान गरी वस्तुनिष्ठ नीति निर्माणको लागि आधारभूत तथ्याङ्क प्राप्त गर्न,
- गणना अवधि: २०८३ बैशाख २ गतेदेखि असार ७ गतेसम्म,
- कसलाई समेट्ने: सबै उद्योग, व्यापार, व्यवसाय, शैक्षिक एवं स्वास्थ्य संस्था, बैंक तथा सेवाप्रदायक निकायहरु।

तथ्याङ्क ऐन, २०७९ अनुसार विवरण पूर्ण गोप्य रहनेछ।
सत्य-तथ्य विवरण दिऔं, राष्ट्र निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८